जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ •अंक १२५ • २०८३ साल आश्विन ६ गते मंगलबार (22 September, Tuesday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।-

## वीरगञ्जको मुख्य सडक विस्तारमा धार्मिक संरचना जोगाइने



**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साको सदरमुकाम वीरगञ्जको मुख्य सडक विस्तार गर्ने क्रममा धार्मिक तथा ऐतिहासिक महत्वका संरचना संरक्षण गरिने भएको छ ।

सडक विस्तारबाट प्रभावित घरधनीलाई नयाँ संरचना निर्माणमा सहजीकरण गर्न सेडब्याकको व्यवस्था पुनरावलोकन गर्नुका साथै नक्सापासमा छुट तथा सहुलियत दिने तयारी वीरगञ्ज महानगरपालिकाले गरेको छ ।

मुख्य सडक विस्तारबाट प्रभावित घरधनी तथा उनीहरूका प्रतिनिधिसँग सोमबार भएको छलफलबाट वीरगञ्ज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले धार्मिक तथा ऐतिहासिक महत्वका मठमन्दिर, मस्जिदलगायत संरचना यथास्थानमै संरक्षण हुने जानकारी दिए ।

सडक सीमाभित्र पर्ने महावीरस्थान मन्दिर, बिर्ता मन्दिर, अलखियामठ तथा छपकैयास्थित इदगाह र कबरगाहलगायत संरचना जोगाएर सडक निर्माण अघि बढाइने उनले बताए। धार्मिक संरचनालाई संरक्षण गर्ने विषयलाई समेत समेटेर सडक विस्तारको डीपीआर तयार गरिएको उनले बताए । सडक विस्तारका क्रममा घर भत्किने वा प्रभावित हुने घरधनीले नयाँ संरचना निर्माण गर्दा कायम गर्नुपर्ने ५ फिट सेडब्याकको व्यवस्थाबारे पनि पुनर्विचार गरिने मेयर सिंहको भनाइ छ।

### रास्वपा मधेशः केन्द्रीय हस्तक्षेपको तयारी

# सांसद र नेताको स्वार्थमा अधिवेशन अल्झिएको अडिट समितिको निष्कर्ष

**टुडे समाचारदाता**

जनकपुरधाम । सत्तारूढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सहमहामन्त्री तथा अडिट समितिका संयोजक हरि ढकालले मधेश प्रदेशमा देखिएको आन्तरिक विवाद र सांगठनिक अवस्थाबारे प्रारम्भिक प्रतिवेदन पेश गरेका छन् ।

अडिट समितिको प्रारम्भिक निष्कर्ष अनुसार मधेशबाट निर्वाचित संघीय सांसद तथा यहाँबाट प्रतिनिधित्व गर्ने पार्टीका केन्द्रीय सदस्यका आ-आफ्ना स्वार्थ जोडिएका कारण अधिवेशन प्रक्रिया अघि बढ्न नसकेको पाइएको छ । आठ जिल्ला रहेको मधेसमा पर्साबाहेक अन्य सात जिल्लाको अधिवेशन आन्तरिक विवादलगायत कारणले रोकिएको छ ।

रास्वपाका एक सचिवालय सदस्यका अनुसार मधेशमा सहज रूपमा अधिवेशन गराउन सक्ने अवस्था नरहेकाले केन्द्रले हस्तक्षेप गर्नुपर्ने सुझाव अडिट समितिबाट आएको छ ।

'संघीय संसदमा प्रतिनिधित्व गर्ने सांसद र केन्द्रीय सदस्यहरूको आ-आफ्ना स्वार्थ जोडिएकाले मधेशमा अधिवेशन हुन नसकेको प्रारम्भिक निष्कर्ष छ। मधेशमा हाम्रो पार्टीको मात्र होइन, अन्य पार्टीमा पनि त्यस्तै समस्या रहेछ । जातीय र भेगीय समस्या देखियो,' ती सदस्यले भने, 'स्थानीय तहको टिकट दिलाउने आश्वासन दिएर आफूअनुकूल नेतृत्वमा ल्याउन संघीय सांसदबाटै दबाब दिइएको गुनासो पनि आएका छन् । आगामी स्थानीय तह र प्रदेश सभा निर्वाचनका लागि पहिल्यै पैसा असुल भएको पनि पाइयो ।'

बैठकमा मधेशको समग्र सांगठनिक अवस्थाबारे ब्रिफिङ गर्दै संयोजक ढकालले यथास्थितिमा अधिवेशन गराउन कठिन रहेकाले केन्द्रबाटै हस्तक्षेप आवश्यक रहेको सुझाएका छन् ।




ढकालको ब्रिफिङपछि पार्टी सभापति रवि लामिछानेले पूर्ण प्रतिवेदन आएपछि उपयुक्त समयमा मधेश अधिवेशन गराउने बताएका थिए । सचिवालय बैठकले पनि मधेश प्रदेशको सांगठनिक अवस्था तथा कार्यसम्पादन अडिटका आधारमा आवश्यक रणनीतिक कदम अघि बढाउने निर्णय गरेको छ ।

सो अडिट समितिमा सुरेन्द्र चौधरी, अशोककुमार चौधरी, प्रमोद न्यौपाने, जगदीश खरेल र पुनम अग्रवाल सदस्य छन् । भदौ ५ गते बसेको रास्वपा केन्द्रीय समिति बैठकले ढकालको संयोजकत्वमा समिति गठन गरेको थियो । मधेश प्रदेशमा महाधिवेशन हुन नसक्नुका कारण पत्ता लगाउन समितिले भदौ २५ गते पर्साबाट अडिट शुरु गरेको थियो ।

पार्टीको आन्तरिक विवादका कारण पर्साबाहेक अन्य सात जिल्लामा अधिवेशन प्रक्रिया रोकिएपछि गत असारमा चितवनमा सम्पन्न राष्ट्रिय भेलामा पुराना महाधिवेशन प्रतिनिधिलाई नै सहभागी गराइएको थियो । पर्सामा भने एक महिना ढिलापछि तत्कालीन केन्द्रीय संगठन विभागका सचिव शंकर श्रेष्ठको उपस्थितिमा अधिवेशन भएको थियो । जिल्ला सभापतिमा पर्सा क्षेत्र नं. २ का सांसद सुशीलकुमार कानुलाई ४८ मतान्तरले पराजित गर्दै क्षेत्र नं. १ का सांसद हरि पन्त विजयी भएका थिए ।

बाँकी सात जिल्लाको अधिवेशन भने असुरक्षाको कारण देखाउँदै पार्टीको केन्द्रीय निर्वाचन आयोगले स्थगित गरेको थियो । आयोगले जेठ २६ गते सूचना जारी गर्दै अधिवेशनको निष्पक्ष, पारदर्शी, विश्वसनीय तथा विधिसम्मत सञ्चालन सुनिश्चित गर्न आवश्यक देखिएकाले मधेश अधिवेशनका सम्पूर्ण गतिविधि स्थगित गरिएको जनाएको थियो ।

मधेशको वस्तुगत अवस्था र आन्तरिक विवाद बुझ्न सभापति रवि लामिछाने स्वयं मधेश जाने तयारीमा थिए । तर भदौ १० गते भोटेकोशीमा आएको बाढीका कारण ठूलो जनधनको क्षति भएपछि उनको भ्रमण स्थगित भएको थियो ।

केन्द्रीय महाधिवेशन सम्पन्न भएको तीन महिना पुगिसक्दा पनि मधेशमा अधिवेशन प्रक्रिया अघि बढ्न सकेको छैन । मधेशका एक नेताका अनुसार दशैं-तिहारअघि अधिवेशन हुने सम्भावना छैन । उनका अनुसार प्रारम्भिक प्रतिवेदन बुझाइसकिए पनि पूर्ण प्रतिवेदन आउन अझै करिब डेढ साता लाग्नेछ । त्यसपछि पार्टीले विस्तृत अध्ययन गरेर अधिवेशनको प्रक्रिया अघि बढाउनेबारे निर्णय गर्नेछ ।

यसैबीच, मधेशलाई लिएर पार्टीभित्र असन्तुष्टि बढ्दै गएको छ । पार्टीका दुई पक्षबीच विवाद चर्किएपछि सभापति लामिछानेले असार ३ गते मधेशबाट प्रतिनिधित्व गर्ने सांसद तथा नेताहरूसँग छलफल गरेका थिए । पछिल्लो समय रास्वपाकै नेतृत्वमा रहेको सरकारप्रति मधेशमा असन्तुष्टि रहेको नेताहरूको दाबी छ ।

रास्वपाका सांसद डा. अमरेशकुमार सिंहले दशैं-तिहारपछि मधेशमा ठूलो विद्रोह हुन सक्ने चेतावनी दिँदै आएका छन् । त्यस्तै, पूर्वप्रवक्ता मनिष झा, निवर्तमान सभापति तपेश्वर यादव तथा जेन- जी अगुवा एवं सांसद पुरुषोत्तम यादवलगायत नेताहरूको कार्यशैलीप्रति मधेशी नेताहरूले असन्तुष्टि व्यक्त गर्दै आएका छन् । प्रदेशस्तरीय केही नेताहरूले उनीहरूको कार्यशैलीकै कारण पार्टी संगठन कमजोर बनेको आरोप लगाएका छन् ।

गत फागुनमा भएको निर्वाचनमा मधेशका ३२ प्रतिनिधिसभा निर्वाचन क्षेत्रमध्ये रास्वपाले ३० सिट जितेको थियो । निर्वाचनमा उल्लेख्य सफलता हासिल गरेको पार्टीले त्यसपछि संगठन विस्तार र आन्तरिक व्यवस्थापनमा देखिएको विवाद समाधान गर्न नसक्दा मधेशमा अधिवेशनसमेत अनिश्चित बनेको छ ।

# व्यवसायीको अनुपस्थितिमा गोदाममा छापामारी प्रति व्यवसायी आक्रोशित

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको क्षीरेश्वरनाथ नगरपालिका-५ मा पर्ने महेन्द्रनगरमा एक व्यवसायीको गोदामको ताला फुटाएर सञ्चालकको अनुपस्थितिमा सम्पूर्ण सामग्री जफत गरिएको घटनाप्रति स्थानीय व्यवसायी तथा जनप्रतिनिधिले तीव्र विरोध जनाएका छन् ।

महेन्द्रनगरका व्यवसायी शिवशंकर साहले सञ्चालन गर्दै आएको शिवपार्वती ट्रेडर्सको गोदाममा आइतबार दिउँसो सशस्त्र प्रहरीको अगुवाइमा भन्सार कार्यालयका प्रतिनिधिसहितको टोलीले छापा मारेको थियो । व्यवसायी साहका अनुसार आफू र परिवारका सदस्य घरमा नभएको समयमा टोलीले गोदामको ताला फुटाएर भित्र रहेका सम्पूर्ण सामग्री नियन्त्रणमा लिई लगेको छ ।



व्यवसायी साहले आफ्नो गोदाममा रहेका सामग्री भन्सार छली वा अवैध रूपमा ल्याइएका नभएको दाबी गरेका छन् । उनका अनुसार गोदाममा रहेका अधिकांश सामग्री नेपालमै उत्पादित हुन् भने केही सामग्री चीनबाट वैधानिक रूपमा आयात गरिएका छन् । ती सामग्रीको खरिद-बिक्रीसम्बन्धी बिल-बिजक तथा भन्सार महसुल तिरेका कागजात आफूहरूसँग सुरक्षित रहेको उनले बताए ।

'गोदाममा रहेका अधिकांश सामान नेपालमै उत्पादित हुन् । केही सामान चीनबाट आयात गरिएका छन् । ती सबैको बिल-बिजक र भन्सार महसुल तिरेको कागजात हामीसँग सुरक्षित छ,' साहले भने, 'कागजात हुँदाहुँदै पनि हामीलाई जानकारी नै नदिई गोदामको ताला फुटाएर सामान लैजाने काम भएको छ ।'

साहले आफूहरूको अनुपस्थितिमा गरिएको कारबाहीले व्यवसायीलाई भयभीत बनाएको आरोप लगाए । आवश्यक कागजात देखाउने अवसरसमेत नदिई गरिएको कारबाहीप्रति उनले आपत्ति जनाउँदै सम्बन्धित निकायले घटनाबारे स्पष्ट जानकारी दिनुपर्ने माग गरेका छन् ।

सो घटनाप्रति क्षीरेश्वरनाथ उद्योग वाणिज्य संघका अध्यक्ष सुरेश यादवले पनि कडा आपत्ति जनाएका छन् । व्यवसायी तथा सम्बन्धित सरोकारवालालाई पूर्वसूचना नदिई र गोदाम सञ्चालकको अनुपस्थितिमा छापामारी गरी सामान नियन्त्रणमा लिनुले स्थानीय व्यवसायीमा त्रास उत्पन्न भएको उनको भनाइ छ ।

अध्यक्ष यादवले कानुनी प्रक्रिया अनुसार व्यवसायीलाई समेत जानकारी गराएर आवश्यक जाँच तथा अनुसन्धान अघि बढाउनुपर्नेमा व्यवसायीको अनुपस्थितिमा गरिएको कारबाहीले समग्र व्यावसायिक क्षेत्रलाई नै असुरक्षित महसुस गराएको बताए ।

क्षीरेश्वरनाथ नगरपालिका-५ का वडाध्यक्ष जिवछ मण्डलले पनि छापा मार्ने क्रममा अपनाइएको प्रक्रियाप्रति आपत्ति जनाएका छन् ।

वडाध्यक्ष मण्डलका अनुसार आफूले व्यवसायीको उपस्थितिबिना गोदाममा छापा नमार्न आग्रह गरेका थिए । तर, उक्त आग्रहलाई बेवास्ता गर्दै सशस्त्र प्रहरीको टोलीले गोदाम खोलेर सामान नियन्त्रणमा लिएको उनले बताए ।

उनले जनाए अनुसार प्रहरीले वडाध्यक्षको रोहबरमा छापा मारिएको उल्लेख गर्दै गोदामबाहिर सूचना टाँसेको थियो । तर, जफत गरिएका सामानहरूको विस्तृत विवरण आफूलाई उपलब्ध नगराइएकाले पछि तयार पारिएको मुचुल्कामा आफूले सहीछाप गर्न अस्वीकार गरेको मण्डलले बताए ।

'सामानको विवरण नै नदेखाई सहीछाप गर्न भनियो। त्यसैले मैले मुचुल्कामा सही गर्न अस्वीकार गरेको हुँ,' मण्डलले बताए ।

यता जनकपुर भन्सार कार्यालयका प्रमुख रमेश नेपालीले भने गोदाममा गरिएको छापा मुख्य रूपमा सशस्त्र प्रहरीको अगुवाइमा भएको बताएका छन् । घटनाबारे आफूहरूलाई विस्तृत जानकारी नरहेको बताउँदै उनले गोदामबाट केही विष्फोटक पदार्थअन्तर्गत पर्ने पटाका समेत बरामद भएको दाबी गरेका छन् ।

जनकपुर भन्सार कार्यालयले गोदामबाहिर टाँसेको सूचनामा भन्सार छली तथा चोरी-पैठारी गरी ल्याइएका सामग्री गोदाममा भण्डारण गरिएको पाइएकाले ती सामग्री नियन्त्रणमा लिइएको उल्लेख गरेको छ ।

यसरी व्यवसायीले आफूहरूसँग सबै सामानको वैध खरिद तथा भन्सारसम्बन्धी कागजात रहेको दाबी गरिरहेका बेला भन्सार कार्यालयले भने गोदाममा भन्सार छली तथा चोरी-पैठारीका सामग्री रहेको दाबी गरेको छ । घटनामा जफत गरिएका सामग्रीको वास्तविक प्रकृति, तिनको स्रोत तथा वैधानिकताबारे सम्बन्धित निकायको थप अनुसन्धानपछि मात्र स्पष्ट हुने देखिन्छ ।

सो घटनापछि महेन्द्रनगर क्षेत्रका व्यवसायीहरूले व्यवसाय सञ्चालनका क्रममा सरकारी निकायबाट गरिने अनुगमन तथा कारबाही पारदर्शी र कानुनी प्रक्रियाअनुसार हुनुपर्ने माग गरेका छन् । यसका साथै गोदाम सञ्चालकको दाबी अनुसार सामग्रीका बिल-बिजक तथा भन्सार महसुलसम्बन्धी कागजात भए-नभएको समेत छानबिन गरी सत्यतथ्य सार्वजनिक गर्नुपर्ने माग उठेको छ ।



## कृषि अनुसन्धानलाई किसानमुखी बनाउन समिति सदस्यको सुझाव

काठमाण्डु । प्रतिनिधिसभा, कृषि तथा प्राकृतिक स्रोत समितिले नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) को पुनःसंरचना तथा संस्थागत सुदृढीकरण गरी अनुसन्धानलाई किसानको आवश्यकता, उत्पादन र रोजगारीसँग जोड्न निर्देश दिएको छ ।

समितिको सोमबारको बैठकमा नार्कको वर्तमान अवस्था, अनुसन्धान उपलब्धि, प्रविधि विकास र हस्तान्तरण, प्रदेश तथा स्थानीय तहसँगको समन्वय र भावी अनुसन्धान रणनीतिबारेको छलफलपछि उक्त निर्देशन दिएको समिति सभापति अशोककुमार चौधरीले जानकारी दिनुभयो ।

यसअघि बैठकमा समिति सदस्यले विकसित प्रविधि र नश्ल किसानको खेतसम्म पुगे-नपुगेको तथा त्यसबाट किसानलाई केकस्तो फाइदा पुगेकोबारे अनुगमन तथा मूल्याङ्कन गर्न सुझाव दिनुभएको थियो ।

समिति सदस्यहरुले नार्क संस्थागत सङ्गठनात्मक पुनःसंरचना, समयानुकूल ऐनको अद्यावधिक, दक्ष जनशक्ति व्यवस्थापन, अनुसन्धानमा लगानी वृद्धि, रैथाने तथा स्थानीय बाली-बीउ संरक्षण कार्यक्रम विस्तार गर्न तीन तहकै सरकारबीच समन्वय र सहकार्यको आवश्यता औंल्याउनुभएको थियो ।

कृषि र भू-उपयोग नीतिबीच सामञ्जस्य कायम गर्दै नेपालको माटो, भूगोल तथा हावापानी अनुकूल कृषि अनुसन्धान अघि बढाइनुपर्ने उहाँहरुको सुझाव थियो ।

सदस्यहरुले कृषि अनुसन्धानलाई उत्पादन, खाद्य सुरक्षा, आयात प्रतिस्थापन र रोजगारीसँग जोड्ने गरी कार्यक्रम बनाएर लागू गर्न सरकारलाई सुझाव दिनुभयो ।

त्यस अवसरमा नार्कका कामु कार्यकारी निर्देशक डा श्रीमत श्रेष्ठले संस्थाको वर्तमान अवस्था, अनुसन्धान उपलब्धि, प्रविधि विकास र हस्तान्तरण, प्रदेश तथा स्थानीय तहसँगको समन्वय र अनुसन्धान रणनीतिबारे जानकारी गराउनुभयो ।

उहाँले नार्कबाट विकसित प्रविधि किसानसम्म पुऱ्याउने, पालिकालाई बीउ तथा फलफूलका बिरुवामा आत्मनिर्भर बनाउने, पशुको उन्नत नश्ल उत्पादन गर्ने तथा 'डिजिटल' माध्यमबाट कृषि प्रविधि प्रसार गर्न भइरहेको प्रयासबारे जानकारी गराउनुभयो ।

निर्देशक श्रेष्ठले कृषि अनुसन्धानमा पर्याप्त तथा दिगो लगानी आवश्यक बताउनुभयो ।

यसैबीच, उक्त समितिद्वारा गठित कृषि अनुसन्धान प्रणाली सुदृढीकरण तथा नीतिगत सुधार उपसमितिका संयोजक सुजाता तामाङले उपसमितिलाई प्राप्त कार्यादेशअनुरुप काम अघि बढिरहेको जानकारी दिनुभयो । रासस

# कोशी कटानको त्रासमा श्रीलङ्का टप्पुका बासिन्दा

सुनसरी । बराहक्षेत्र नगरपालिका-६ श्रीलङ्का टप्पुका बुद्धिमान माझीले सप्तकोशीको बाढी र कटानका कारण आफ्नो पाँच-सात बिघा जमिन गुमाइसक्नु भएको छ । चार दशकदेखि श्रीलङ्का टप्पुमा बस्दै आउनुभएका माझीको अहिले आफ्नै नाममा जमिन समेत छैन । "कति बेला कोशी आउँछ र बगाउँछ भन्ने टुङ्गो हुँदैन, अहिले त्रासमा बस्नुपरेको छ," उहाँले भन्नुभयो, "असार महिनादेखि नै कोशीले कटान सुरु गऱ्यो अहिले पानी परेका बेला कहिले राति उठेर नदीमा ठूलो बाढी पो आएको छ कि भनेर हेर्न जान्छु । बेलुका सुत्न पनि डर लाग्छ, कहिलेकाहीँ जाग्राम नै बस्नुपर्छ ।"

पहिला वन्यजन्तुको समेत त्रास हुने गरेकोमा अहिले बत्ती जडान भएपछि त्यसमा केही कमी आए पनि कोशीको डुबान र कटानको जोखिम भने उस्तै रहेको उहाँले बताउनुभयो । "अब यहाँबाट अन्तै सरेर जाऊँ भने पनि जाने ठाउँ छैन, खै के गर्ने," उहाँले भन्नुभयो । हरेक वर्ष बर्खा सुरु भएसँगै देशका विभिन्न स्थानमा बाढी, पहिरो र डुबानका घटना दोहोरिन्छन् । अत्यधिक वर्षाका कारण ठूलो जनधनको क्षति हुने क्रम पनि जारी छ ।

बाढी तथा डुबानको उच्च जोखिममध्येको सुनसरी जिल्ला पनि एक हो । बर्खायाममा सप्तकोशीसहित विभिन्न नदीमा आउने बाढीले बस्ती डुबानमा पार्ने र खेतीयोग्य जमिन बगाउने क्रम दोहोरिँदै आएको छ । सप्तकोशी नदी किनारका बस्तीका लागि बाढीसँगै नदीको तीव्र कटान पनि उत्तिकै ठूलो चुनौती बनेको छ । विशेषगरी बराहक्षेत्र नगरपालिका-६ र ९ स्थित चिलिया टप्पु तथा श्रीलङ्का टप्पुका बासिन्दा वर्षेनी बाढी र कटानको दोहोरो त्रासमा जीवन बिताउन बाध्य छन् । नदीले वर्षेनी खेतीयोग्य जमिन र बस्ती कटान गर्दै जोखिम बढाइरहे पनि यसको दीर्घकालीन समाधान हुन सकेको छैन ।

बर्खा सुरु भएसँगै सप्तकोशीको बहाव बढ्दा सुनसरी र उदयपुरको सिमानामा पर्ने श्रीलङ्का टप्पुका बासिन्दाको चिन्ता पनि बढ्ने गरेको छ । बराहक्षेत्र नगरपालिका-६ का पदम राई भन्नुहुन्छ, "हामी यहाँ पहिला पहाडबाट बसाइँ सरेर आउँदा कोशी नदी बस्तीबाट धेरै टाढा बग्ने गरेको थियो । अहिले भने नदी बस्ती नजिकै आइपुगेको छ ।" २०७४ सालदेखि सपरिवार श्रीलङ्का टप्पुमा बस्दै आउनु भएका राईले एक बिघा जमिनमा धान र मकै खेती गर्नुका साथै गाईभैंसी पालेर जीविकोपार्जन गर्दै आउनु भएको छ । वर्षभरि मिहेनत गरेर खेतीपाती र पशुपालन गरे पनि हरेक वर्ष कोशीको कटान र बाढीले घर तथा खेत जोखिममा पार्ने गरेको उहाँले बताउनुभयो ।

तीन महिनादेखि नै कटान सुरु भएको छ । हामी सबै मिलेर श्रमदान गर्दै बालुवा र सिमेन्टका बोरा भरेर किनार जोगाउने प्रयास गरिरहेका छौं । उहाँले भन्नुभयो, "तर ठूलो बाढी आयो भने यो प्रयासले धान्न सक्दैन । अहिलेका लागि केही राहत भए पनि यो स्थायी समाधान होइन ।" वर्षभरको खेतीपाती र पशुपालनबाट परिवारको गुजारा चल्ने भए पनि हरेक बर्खामा बाढी र कटानले आफूहरूको मिहेनत बगाइदिने हो कि भन्ने चिन्ता रहने गरेको उहाँले सुनाउनुभयो ।





कोशीले तीव्र कटान गर्न थालेपछि स्थानीयवासी, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना तथा नगर प्रहरी संयुक्त रूपमा श्रमदान गरी अस्थायी तटबन्ध निर्माण गर्दै बस्ती जोगाउने प्रयास जारी छ । सप्तकोशी कटान नियन्त्रण समितिका अध्यक्ष जयकुमार माझीका अनुसार वर्षेनी बढ्दो कटानका कारण चिलिया टप्पु र श्रीलङ्का टप्पुको बस्ती उच्च जोखिममा पर्दै गएको छ ।

कटान नियन्त्रणका लागि यसअघि निर्माण गरिएका करिब १८ वटा स्परमध्ये नौ वटा पूर्ण रूपमा क्षतिग्रस्त भइसकेका छन् भने बाँकी स्परसमेत नदीको कटानमा पर्दै गएका छन् । "बराहक्षेत्र नगरपालिका र उदयपुरको बेलका नगरपालिकाको समन्वयमा श्रमदान गरेर कटान रोक्ने प्रयास गरिरहेका छौं,"उहाँले भन्नुभयो, "बाँस गाड्ने, नाइलनको डोरीले बाँध्ने र बालुवा भरिएका बोरा राख्ने जस्ता उपाय अपनाएका छौं । तर यी तत्कालका लागि अस्थायी उपाय मात्र हुन् । दीर्घकालीन रूपमा बलियो तटबन्ध निर्माण नगरी समस्या समाधान हुन सक्दैन ।"

सप्तकोशीले धार परिवर्तन गरेर बनाएको चिलिया टापु अहिले पनि हजारौं मानिसको आश्रयस्थल हो । बराहक्षेत्र नगरपालिका-६ र ९ तथा उदयपुरको बेलका नगरपालिका-१, २ र ३ मा फैलिएको यस क्षेत्रमा हरेक बर्खासँगै नदीको बहाव बढ्ने गरेको छ । यसवर्ष पनि चिलिया र गरैया क्षेत्रमा नदीले तीव्र कटान थालेपछि सयौं परिवार त्रासमा बाँचिरहेका छन् ।

सप्तकोशीको पश्चिमी भँगालोले धार परिवर्तन गर्दै निरन्तर कटान गरेपछि अहिले ६०० घरपरिवार उच्च जोखिममा छन् भने केही दिनअघि करिब २२ घरपरिवारलाई सुरक्षित स्थानमा सारिएको थियो । केही परिवार अहिले पनि चौरमा टहरामा बसिरहेका छन् । बराहक्षेत्र नगरपालिका-६ का बद्रीकुमार राईका अनुसार भारत सरकारले अघिल्लो वर्ष ढुङ्गाको जाली लगाएर निर्माण गरिदिएको 'स्पर' हुँदाहुँदै पनि कोशीले कटान गरेको छ । बराहक्षेत्र-९ तर्फ भने यस्ता स्परसमेत नभएकाले नदीको कटान अझ तीव्र भइरहेको उहाँले बताउनुभयो ।

बराहक्षेत्र नगरपालिका-६ श्रीलङ्का टप्पुका राकेशकुमार महतोको करिब चार बिघा जग्गा सप्तकोशी नदीको कटानले बगाएपछि उहाँ अहिले अरूको जग्गा भाडामा लिएर तरकारी खेती गरिरहनुभएको छ । महतोले अहिले करिब १० कट्ठा जग्गा भाडामा लिएर टमाटर, बोडी, साग, भिन्डीलगायत मौसमी तरकारी खेती गर्नुभएको छ । त्यसमध्ये आठ कट्ठामा मल्चिङ प्रविधिबाट गोलभेँडा खेती गरिएको छ भने बाँकी जग्गामा विभिन्न मौसमी तरकारी लगाइएको उहाँले बताउनुभयो ।

"पहिला करिब चार बिघा जग्गा थियो । सबै सप्तकोशी नदीले कटान गरेर लग्यो । अहिले आफ्नो जग्गा छैन, अरूको जग्गा भाडामा लिएर तरकारी खेती गरिरहेको छु," महतोले भन्नुभयो, "पहिला बारी धेरै हुँदा तरकारी खेतीसँगै गाईभैंसी पनि पाल्थें । कोसी कटानले खेतीयोग्य जमिन बगाएपछि पशुपालनका लागि आवश्यक चरन गर्ने ठाउँ पनि छैन । अहिले गाईभैंसी पाल्न पनि छाडेको छु ।" अहिले तरकारीसँगै धान र मकै खेती गरेर जीविकोपार्जन गरिरहेको उहाँले बताउनुभयो । "बर्सेनि सप्तकोशीले कटान गरिरहेको छ । अहिले बसिरहेको यो सानो बास र टिनले बारेर बनाएको कटेरो घर पनि कुन दिन कोशीले बगाएर लैजाला भन्ने डर छ," उहाँले भन्नुभयो ।

बर्खा सुरु भएपछि श्रीलङ्का टप्पुका बासिन्दाले हरेक वर्ष बाढी र कटानको त्रास भोग्दै आएका छन् । बर्सेनि खेतीयोग्य जमिन साँघुरिँदै जानु, घर नजिकै नदी आइपुग्नु र आवश्यक पर्दा बस्ती नै छाडेर हिँड्नुपर्ने अवस्था दोहोरिँदा यहाँका नागरिकका लागि बर्खायाम चिन्ताको विषय बन्ने गरेको छ । वर्षभरको खेतीपाती र पशुपालनबाट परिवारको गुजारा चल्ने भए पनि प्रत्येक वर्ष बर्खामा बाढी र कटानले सबै मिहेनत बगाइदिने चिन्ता स्थानीयलाई उस्तै रहने गरेको छ ।

उदयपुरको बेलका नगरपालिकाका नगरप्रमुख अशोक कार्कीका अनुसार बेलका-८ क्षेत्रमा गरिएको संरक्षण कार्यले केही राहत दिएको भए पनि तल्लोतटीय क्षेत्रमा नदीको कटान रोकिएको छैन । सप्तकोशीले बिस्तारै धार पश्चिमतर्फ मोड्ने संकेत देखिएको र त्यहाँ बाक्लो मानव बस्ती रहेकाले जोखिम झन् बढ्दै गएको उहाँले बताउनुभयो । गत वर्ष कटान रोक्ने उद्देश्यले निर्माण गरिएका तारजालीयुक्त संरचनासमेत अहिले नदीको बहावमा डुब्न थालेका छन् । असारदेखि सुरु भएको कटान अब झन् बढ्दै जाने खतरा रहेको छ । बलौटे माटो भएकाले दैनिक रूपमा जमिन बगिरहेको छ भने संरक्षणका लागि राखिएका ढुङ्गा र तारजाली नदीले बगाउँदै लगेको छ ।

बराहक्षेत्र नगरपालिकाका प्रमुख रमेश कार्की भन्नुहुन्छ, "कटान रोक्न नगरपालिकाले आफ्नो क्षमताअनुसार आवश्यक सबै स्रोतसाधन परिचालन गरेको छ ।" कटान प्रभावित क्षेत्रमा जेसिबी, ट्याक्टर, बालुवा ढुवानीका साधन, जाली, बोरा, सिमेन्टलगायत आवश्यक सामग्री उपलब्ध गराएर स्थानीय र सुरक्षा निकायसँग समन्वय गरी तटबन्ध निर्माण तथा कटान नियन्त्रणको काम भइरहेको उहाँले बताउनुभयो ।

कोशी कटानपछि विस्थापित परिवारलाई बराहक्षेत्र नगरपालिकाले तत्कालका लागि प्रतिपरिवार रु १० हजार उपलब्ध गराएको छ । नगरप्रमुख कार्कीले भन्नुभयो, "कोशीको कटान यहाँको मात्र समस्या नभई राष्ट्रिय सरोकारको विषय हो । नगरपालिकाको सीमित बजेट र स्रोत साधनले बर्सेनि दोहोरिने कटानको स्थायी समाधान सम्भव छैन । हामीले आफ्नो तर्फबाट गर्न सकिने सबै प्रयास गरिरहेका छौं । तर सप्तकोशी जस्तो शक्तिशाली नदी नियन्त्रणका लागि वैज्ञानिक अध्ययनका आधारमा दीर्घकालीन संरचना निर्माण गर्न आवश्यक छ ।"

उपयुक्त स्थानमा ड्याम, स्पर तथा अन्य नदी नियन्त्रणका संरचना निर्माण गर्न सकिए कटान धेरै हदसम्म नियन्त्रण गर्न सकिने उहाँको भनाइ छ । "यदि कटान बढ्दै गए बस्तीमा बाढी पस्यो भने ठूलो धनजनको क्षति हुन सक्छ । दीर्घकालीन समाधानका लागि सङ्घीय सरकारको सहयोग, पर्याप्त बजेट र आवश्यक परे छिमेकी मुलुकसँग कूटनीतिक पहलसमेत आवश्यक छ," नगरप्रमुख कार्कीले भन्नुभयो ।

कोशीले निरन्तर कटान गर्न थालेपछि श्रीलङ्का टप्पुका केही बासिन्दा यस वर्ष सप्तकोसीपारि पूर्वतर्फको प्रकाशपुरमा बसाइँ सरिसकेका छन् । केही परिवार भने वर्षौंदेखि बस्दै आएको ठाउँ छाडेर झापा बसाइँ गएका छन् । श्रीलङ्का टप्पुका बालीचरण कविरथ पनि प्रकाशपुर सर्ने तयारीमा हुनुहुन्छ । "धन्न जसोतसो गरेर प्रकाशपुरमा एक कठ्ठा जग्गा जोडिएको छ । अब हामी पनि त्यतै सर्ने तयारी गर्दैछौं । यहाँ कोसीले कटान गरिरहेको छ, ज्यान जोखिममा राखेर बस्नु हुँदैन," उहाँले भन्नुभयो ।

करिब तीन हजार जनसङ्ख्या रहेको यस क्षेत्रमा अधिकांश परिवारको जीविकोपार्जन कृषि र पशुपालनमा आधारित छ । धान, मकै, तरकारी खेती, पशुपालन तथा दुग्ध उत्पादन यहाँको ग्रामीण अर्थतन्त्रका मुख्य आधार हुन् । हरेक बर्खामा बाढी र कटानको जोखिमसँग जुध्दै स्थानीयले श्रमदान गरेर अस्थायी तटबन्ध निर्माण तथा सामूहिक पहलमार्फत बस्ती र खेतीयोग्य जमिन जोगाउने प्रयास गर्दै आएका छन् । तर यस्ता प्रयासले तत्काल केही राहत दिए पनि दीर्घकालीन समाधान हुन सकेको छैन । रासस

# स्यालको आक्रमणबाट १० जना मानिस र केही पशु चौपाया घाइते

सर्लाही । सर्लाहीको हरिवन नगरपालिकाको विभिन्न वडाक्षेत्रमा पछिल्लो समय स्यालको आक्रमणका घटना बढेको पाइएको छ । नजिकैको जङ्गलबाट आएका स्यालका हूलले मानिस र पशु चौपायालाई आक्रमण गरी घाइते तुल्याउने क्रम बढेको छ ।

स्यालको टोकाइबाट बितेको २० दिन यता नगरपालिका विभिन्न क्षेत्रमा १० जना घाइते भएको वडा नं ६ का वडाध्यक्ष सन्तलाल घिसिङले जानकारी दिनुभयो ।

गएको शुक्रबार साँझ मात्रै सोही वडामा एक बालिकासहित चार जनालाई स्यालले आक्रमण गरेको हो । स्यालको आक्रमणबाट हालसम्म तीन दर्जनभन्दा बढी पशुचौपाया घाइते भएका छन् ।



स्यालको आक्रमणबाट पछिल्लो समय स्थानीय ३० वर्षीया शर्मिला मैनाली, ३५ वर्षीया सावित्रा कुमारी मैनाली, ५७ वर्षीया देवमाया शिवाकोटी र दुई वर्षीया बालिका गोपिकाकुमारी महतो घाइते हुनुभएको छ । उहाँहरूलाई साँझ घर वरपर काम गरिरहेको अवस्थामा स्यालले आक्रमण गरेको थियो । उहाँहरूको हात, खुट्टासहित शरीरका विभिन्न भागमा गहिरो चोट लागेको छ । स्यालको आक्रमणबाट त्यस नगरपालिका-१, ६ र ८ बढी प्रभावित रहेको पाइएको छ ।

वनक्षेत्र नजिकै भएकाले मानव बस्तीमा पसी दिउँसो नै स्यालले मानिस र पशु चौपायालाई आक्रमण गर्न थालेपछि सर्वसाधारणलाई घर बाहिर निस्कन समेत डर मान्न पर्ने स्थिति बनेको स्थानीय रमेश लामा बताउनुहुन्छ ।

स्यालको आक्रमणका घटना बढेपछि स्याल नियन्त्रणका लागि डिभिजन वन कार्यालयसँग समन्वय भइरहेको नगरप्रमुख रमेश बुडाथोकी बताउनुभयो । "केही दिनयता स्यालले नगर क्षेत्रका केही गाउँमा आतङ्क मच्चाएको छ," उहाँले भन्नुभयो, "हामीले वन कार्यालय र पुलिस प्रशासनलाई समेत खबर गरी स्याल नियन्त्रण गर्न आग्रह गरेका छौं ।"

स्यालको आक्रमणबाट घाइते मानिस र पशु चौपायालाई रेबिज सङ्क्रमण नहोस् भनी पालिकाले प्रदेश सरकारसँग समन्वय गरी आवश्यक खोप लगाउने काम गरिरहेको नगर स्वास्थ्य शाखाका प्रमुख रामबाबु चौधरीले राससलाई जानकारी दिनुभयो । रासस

# राष्ट्रकवि 'माधव घिमिरे पुरस्कार' वरिष्ठ गीतकार कालिप्रसाद रिजाललाई

काठमाण्डु । राष्ट्रकवि माधवप्रसाद घिमिरेका नाममा स्थापित यस वर्षको 'माधव घिमिरे पुरस्कार' वरिष्ठ गीतकार कालिप्रसाद रिजाललाई प्रदान गरिने भएको छ ।

नेपाली भाषा, कला, साहित्य, संस्कृति र ज्ञानविज्ञानको उन्नयनका लागि विसं २०५३ मा स्थापना गरिएको मर्स्याङ्दी वाङ्मय प्रतिष्ठानले उक्त पुरस्कार वरिष्ठ गीतकार रिजाललाई प्रदान गर्न लागेको हो ।

उक्त पुरस्कारको राशि रु एक लाख र ताम्रपत्र रहेको छ । राष्ट्रकवि माधवप्रसाद घिमिरेकी धर्मपत्नी महाकाली घिमिरे, सुपुत्रद्वय स्वर्गीय इन्दिवर घिमिरे र राजिव घिमिरेद्वारा मर्स्याङ्दी वाङ्मय प्रतिष्ठानको कोषमा रहने गरी रु २७ लाखको अक्षयकोष स्थापना गर्नुभएको छ । उक्त अक्षयकोषबाट आउने वार्षिक ब्याजबाट हरेक वर्ष पुरस्कार प्रदान गर्दै आएको छ ।

नेपाली साहित्य र सङ्गीत क्षेत्रमा एक विशिष्ट व्यक्तित्वका रूपमा परिचित रिजालले नारायणगोपालले गाएको चर्चित गीत 'केही मिठो बात गर...' जस्ता प्रख्यात गीत सिर्जना गर्नुभएको छ ।

नेपाली साहित्यमा पुऱ्याएको योगदानका लागि नेपाल प्रज्ञा-प्रतिष्ठानबाट विभिन्न वर्षमा कवि रिजालले उत्कृष्ट सर्जकको पुरस्कार प्राप्त गर्नुभएको छ । उहाँले पहलमानसिंह स्वाँर स्मृति पुरस्कार तथा वानीरा प्रज्ञा पुरस्कार पनि प्राप्त गर्नुभएको छ ।

उक्त पुरस्कार राष्ट्रकवि घिमिरेको जन्मजयन्तीको अवसर यही असोज ७ गते प्रदान गरिने प्रतिष्ठानका सचिव अन्जना पौडेलले जानकारी दिनुभयो ।

अक्षयकोष स्थापना गरेसँगै पुरस्कार छनोटका लागि प्रतिष्ठानले तीन सदस्यीय समिति बनाएको थियो । प्रतिष्ठानका अध्यक्ष एवम् वरिष्ठ साहित्यकार विजयराज न्यौपानेको संयोजकत्वमा गठित समितिको सदस्यमा विज्ञका तर्फबाट प्राडा सनतकुमार वस्ती र दाताका तर्फबाट डा हेमाङ्गराज अधिकारी सदस्य हुनुहुन्छ । रासस

## विमालेख हरायो

मिति २०८३/०५/१५गते पिपरा बजारबाट गौर जाने क्रममा लाइफ इन्सोरेन्स कारपोरेसन नेपाल लि.द्धारा जारी निम्न व्योहोरा भएको विमालेख हराएकोले पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा फोन नं.९७६८९५९३७२मा सम्पर्क गरी दिनु होला ।

**नाम : भुवन राउत कुर्मी**
**विमालेख नं.:१६०००३६२४**
**ठेगाना: साबिक मत्सरी**
**हाल : दुर्गाभगवती गा.पा.-३, रौतहट**

## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | दाजुभाइको प्रगतिको समाचार सुन्न पाइन्छ । |
| वृष : | शरीर फुर्तिलो भएको महसुस हुनेछ । |
| मिथुन : | नयाँ काम सुरु गर्ने समय छ । व्यापारमा मनग्ये धनलाभ हुनेछ । |
| कर्कट : | आम्दानी बढ्ने र उठ्नुपर्ने रकम हातलागी हुने समय छ । |
| सिंह : | आजको दिन हाँसखेल र मनोरञ्जनपूर्ण समय हो । |
| कन्या : | परिश्रमको प्रतिफल ढिलो गरी प्राप्त हुनेछ । |
| तुला : | मातापिता र अभिभावक वर्गसंग सामीप्यता राख्न सके राम्रो हुन्छ । |
| वृश्चिक : | पारिवारिक सम्बन्ध सुदृढ बन्नेछ । |
| धनु : | परिवारजनको साथले नयाँ आशा पलाउनेछ । |
| मकर : | संकटको सामना गर्दै उपलब्धी हासिल गर्नुपर्नेछ । |
| कुम्भ: | ठुलो लाभ लिन नसकिए पनि व्यावासायिक यात्राको सम्भावना छ । |
| मीन: | तर्क, विवाद र प्रतिस्पर्धामा पकड भएको राम्रो दिन छ । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | वेलकम होटल | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

### जनकपुरधाम - जयनगर
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

### जयनगर - जनकपुरधाम
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे


## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# विद्युतमा लगाइएको भ्याट हटाउने तयारी




**टुडे समाचारदाता**

जनकपुरधाम । चालु आर्थिक वर्ष २०८३/०८४ देखि नेपाल सरकारले विद्युत् महसुलमा लगाएको मूल्य अभिवृद्धि कर (भ्याट) हटाउने प्रक्रिया अघि बढाएको छ।

घरायसी ग्राहकका लागि ५ प्रतिशत र औद्योगिक तथा अन्य गैरघरायसी ग्राहकका लागि १३ प्रतिशत भ्याट लगाउने व्यवस्था कार्यान्वयनमा आएको दुई महिनामै आलोचना बढन थालेपछि हटाउने तयारी भएको हो।

आइतबार साँझ ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठ र अर्थमन्त्री डा. स्वर्णिम वाग्लेबीच भएको छलफलमा विद्युतमा लगाइएको भ्याट हटाउने विषयमा सैद्धान्तिक सहमति भएको ऊर्जा मन्त्रालय स्रोतले जानकारी दिएको छ।

स्रोतका अनुसार विद्युतमा भ्याट लगाउने व्यवस्था हटाउन प्रधानमन्त्रीसमेत सकारात्मक देखिएपछि अर्थ र ऊर्जा मन्त्रालयबीच सहमति बनेको हो। अब आगामी मन्त्रिपरिषद् बैठकबाट निर्णय भएपछि विद्युतमा लगाइएको भ्याट हटाउने प्रक्रिया अघि बढ्नेछ।

सरकारले चालू आर्थिक वर्ष २०८३/८४ को बजेटमार्फत विद्युत् सेवामा भ्याटको व्यवस्था गरेको थियो।

त्यसअनुसार घरायसी ग्राहकले मासिक ५० युनिटभन्दा बढी विद्युत् खपत गर्दा ५ प्रतिशत र अन्य ग्राहकले १३ प्रतिशत भ्याट तिर्नुपर्ने व्यवस्था कार्यान्वयनमा आएको थियो।

यसअघि साउनदेखि लागु हुनुपर्ने भ्याट असारकै बिलमा समेत काटिएको थियो। त्यसपछि नेपाल विद्युत् प्राधिकरणले आन्तरिक राजश्व विभागसँग जवाफ माग गरेको थियो। विभागले साउनदेखि मात्रै लागू हुने जवाफ पेश गरेको थियो। सोहीअनुसार आफ्नो बिलिङ प्रणाली अद्यावधिक गरेको थियो।

तर, विद्युतमा भ्याट लगाउँदा घरायसी उपभोक्तासँगै उद्योग तथा व्यवसायको लागत बढ्ने भन्दै यसको विरोध हुँदै आएको थियो। विशेषगरी उद्योगीहरूले विद्युतमा १३ प्रतिशत भ्याट लगाउँदा उत्पादन लागत बढ्ने र त्यसको असर वस्तु तथा सेवाको मूल्यमा पर्ने बताउँदै आएका थिए।

ऊर्जा मन्त्रालय स्रोतका अनुसार भ्याट हटाउने निर्णय कार्यान्वयन भएपछि साउनदेखि विद्युत् महसुलमा उठाइएको भ्याटको हिसाबसमेत मिलाइनेछ। यसअघि उठाइएको रकम आगामी विद्युत् बिलमा समायोजन गर्ने तयारी छ। अब मन्त्रिपरिषद्ले औपचारिक निर्णय गरेपछि विद्युत् महसुलमा भ्याट नलाग्ने व्यवस्था पुनः कार्यान्वयनमा आउने बताइएको छ।

# असोज ९ देखि ११ गतेसम्म भारी वर्षा

**टुडे समाचारदाता**

जनकपुरधाम । आगामी असोज ९ गते शुक्रबारदेखि असोज ११ गते आइतबारसम्म मधेश प्रदेशसहित देशका विभिन्न स्थानमा भारीदेखि अति भारी वर्षाको सम्भावना रहेको जल तथा मौसम विज्ञान विभागले जनाएको छ।

सोमबार साँझ जारी मनसुन विशेष मौसम बुलेटिनअनुसार मौसममा आउने यस बदलाबले जनजीवन प्रभावित हुन सक्नेछ। उत्तर अण्डमान सागर र आसपासको क्षेत्रमा विकसित न्यूनचापीय क्षेत्र हाल बंगालको खाडीको मध्य भू-भागमा पुगेको र उक्त प्रणाली थप शक्तिशाली बन्दै 'डिप डिप्रेसन' (बलियो न्यूनचापीय क्षेत्र) मा परिणत भएको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

यो प्रणाली पश्चिम-उत्तरपश्चिम दिशातर्फ सर्ने देखिएकाले यसको प्रभावस्वरूप बुधबारदेखि नै कोशी, मधेस, बागमती र गण्डकी प्रदेशमा वर्षाको गतिविधि बढ्दै जानेछ।

महाशाखाका अनुसार असोज ९ देखि ११ गतेसम्म गण्डकी र लुम्बिनी प्रदेशका केही स्थानमा मेघगर्जन, चट्याङ र हावाहुरीसहित भारीदेखि धेरै भारी वर्षा हुनेछ भने एक-दुई स्थानमा अति भारी वर्षाको समेत सम्भावना रहेको छ।

त्यसैगरी, मधेस, कोशी, बागमती र सुदूरपश्चिम प्रदेशका थोरै स्थानमा भारीदेखि धेरै भारी वर्षा तथा कर्णाली प्रदेशका पनि थोरै स्थानमा भारी वर्षाको सम्भावना छ।

मौसम विभागको विशेष बुलेटिनलगत्तै राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले पनि सोमबार नै एक सूचना जारी गर्दै उच्च सतर्कता अपनाउन सबै सरोकारवाला र आम नागरिकलाई अनुरोध गरेको छ।



भारी वर्षाका कारण बाढी, पहिरो, गेग्रान बहाव आउने तथा सहरी र तराई क्षेत्रमा डुबानको जोखिम रहेकाले प्राधिकरणले केही पूर्वतयारी गर्न आग्रह गरेको छ। प्राधिकरणले उक्त अवधिमा अत्यन्त जरुरी नभई टाढा र रातिको समयमा यात्रा नगर्न आग्रह गरेको छ।

त्यस्तै, सम्बन्धित संघीय मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह, तीनवटै सुरक्षा निकाय र स्वयंसेवकलगायतले आम सर्वसाधारणलाई सुसूचित गर्ने र प्रतिकार्यका लागि तयारी अवस्थामा रहन भनेको छ। जोखिम भएका राजमार्ग र सडकहरूमा डोजर, एक्साभेटर, लोडरलगायतका साधन तयारी अवस्थामा राख्न भनेको छ। प्राधिकरणले जिल्ला सुरक्षा समिति, स्थानीय तह र सुरक्षा निकायले पूर्वसूचनाअनुसार जोखिमयुक्त स्थानमा बसोबास गर्ने व्यक्ति र परिवारलाई विपद् आउनुपूर्व नै सुरक्षित स्थानमा स्थानान्तरण गर्न भनेको छ।

आकस्मिक बाढी आउन सक्ने खोला, खहरेका नजिकका बस्ती तथा पहिरोको जोखिमयुक्त स्थानका बासिन्दाहरू बढी चनाखो रहन पनि प्राधिकरणले सचेत गराएको छ। वर्षा र बाढीबारे जानकारी लिन ११४९, विपद्मा मद्दत माग्न १२३४, नेपाल प्रहरीलाई १०० र सशस्त्र प्रहरी बललाई ११११४ मा सम्पर्क गर्न प्राधिकरणले अनुरोध गरेको छ।

सम्भावित वर्षाका कारण ठूला तथा साना नदीनालामा पानीको सतह बढ्न सक्ने, दैनिक जनजीवन, कृषि, स्वास्थ्य, पर्यटन, निर्माण कार्य तथा सडक र हवाई यातायातसमेत प्रभावित हुन सक्ने विभागले जनाएको छ।

# हवाई फायर गाँजा तस्कर पक्राउ



**टुडे समाचारदाता**

वीरगञ्ज । दुई राउन्ड हवाई फायर गरेर ३३ किलो लागुऔषध गाँजासहित पर्सामा प्रहरीले तीन जनालाई पक्राउ गरेको छ।

पटेर्वासुगौली गाउँपालिका-१ स्थित मलाही टोलमा अवैध गाँजाको कारोबार भइरहेको सूचनाका आधारमा प्रहरी टोली पुगेको थियो। प्रहरी टोलीले जाँच अघि बढाउने क्रममा गाँजा बोकेका व्यक्तिहरू भाग्न खोजेपछि उनीहरूलाई नियन्त्रणमा लिन हवाई फायर गरिएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार पक्राउ पर्नेमा नन्दलाल सहनी, महेश सहनी र भुटी सहनी रहेका छन्। उनीहरूको साथबाट ३३ किलो गाँजा बरामद भएको प्रहरीले जनाएको छ।

पक्राउ परेका तीनै जनालाई हिरासतमा राखेर लागुऔषध कारोबारसम्बन्धी कसुरमा थप अनुसन्धान भइरहेको पर्सा प्रहरीले जनाएको छ।

# ई लाइब्रेरीका लागि लायन्स र कोषबीच सम्झौता



**टुडे समाचारदाता**

जनकपुरधाम । आफ्नो स्वर्ण जयन्तीको अवसरमा लायन्स क्लब अफ जनकपुरधामले मैथिली विकास कोषमा सुविधासम्पन्न ई-लाइब्रेरी (डिजिटल पुस्तकालय) स्थापना गर्ने भएको छ।

ई-लाइब्रेरी स्थापनाका लागि लायन्स क्लब अफ जनकपुरधाम र मैथिली विकास कोषबीच सोमबार सम्झौता भएको हो।

सम्झौतामा लायन्स क्लब अफ जनकपुरधामका अध्यक्ष प्रसून मिश्र र मैथिली विकास कोषका अध्यक्ष जीवनाथ चौधरीले हस्ताक्षर गरेका छन्।

सम्झौता अनुसार ई-लाइब्रेरी सञ्चालनमा आएपछि पाठकले डिजिटल माध्यमबाट पुस्तक तथा विभिन्न ज्ञानवर्धक सामग्रीमा पहुँच पाउनेछन्। यसले पठन संस्कृतिको विकाससँगै ज्ञान र प्रविधिको प्रयोगलाई समेत प्रोत्साहन गर्ने विश्वास गरिएको छ।

सम्झौता कार्यक्रममा लायन्स क्लब अफ जनकपुरधामका पदाधिकारी हरि राउत, विद्याकर साह, निर्मल सिंघानिया, दीपेन्द्र सिंह र लक्ष्मीनारायण साहको सहभागिता थियो। ई-लाइब्रेरी सफ्टवेयर डेभलपर विदेह सिस्टम्स प्रालिका वात्स्यायन, मैथिली विकास कोषका सदस्य सचिव श्यामसुन्दर शशी तथा कोषका मिडिया प्रभारी शिवम पाण्डे पनि उपस्थित थिए।

लायन्स क्लब अफ जनकपुरधामका संस्थापक अध्यक्ष डा. जयबल्लभ दास हुन्। संस्थाको नेतृत्व गर्दै डा. रामकेवल साह, डा. विजयकुमार सिंह, प्रा. रामकुमार यादव, रामबाबु गुप्ता र कौशल किशोर सर्राफलगायतले सामाजिक सेवा तथा संस्थागत विकासमा योगदान पुऱ्याउँदै आएका छन्।

लायन्स क्लब र मैथिली विकास कोषबीचको सहकार्यलाई ज्ञान, प्रविधि तथा मैथिली भाषा संस्कृतिको संरक्षण र प्रवर्द्धनसँग जोडिएको पहलका रूपमा लिइएको छ। स्वर्ण जयन्तीको अवसरमा स्थापना हुन लागेको ई-लाइब्रेरीले जनकपुरधामको अध्ययन तथा अनुसन्धानको वातावरणलाई थप प्रविधिमैत्री बनाउन सहयोग पुग्ने लायन्सको रहेको छ।

# सामाजिक सञ्जालमार्फत भ्रामक सूचना प्रवाह गरेको आरोपमा एक पक्राउ

**टुडे समाचारदाता**

लहान । सामाजिक सञ्जालमार्फत भ्रामक तथा धम्कीपूर्ण सामग्री प्रकाशन गरी समाजमा शान्ति खलल पार्न खोजेको भन्दै सिरहा प्रहरीले एक व्यक्ति पक्राउ परेका छन्।

पक्राउ पर्नेमा सिरहाको लहान नगरपालिका-२४ का मनोज कुमार महतो 'मनोज मानव' रहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ।

प्रहरीका अनुसार महतोले लामो समयदेखि उद्योगी, व्यवसायी, जनप्रतिनिधि, पत्रकार, राजनीतिक नेता तथा राष्ट्रसेवक कर्मचारीलगायत विभिन्न व्यक्तिविरुद्ध प्रमाण र आधारबिनाका सामग्री सामाजिक सञ्जालमा पोस्ट गर्दै आएको उनीमाथि आरोप छ।

त्यस्ता सामग्रीबाट व्यक्तिको चरित्रहत्या गर्नुका साथै सामाजिक सद्भाव र शान्तिमा समेत असर पार्ने गतिविधि गरेको प्रहरीको दाबी छ। प्रहरीमा परेको जाहेरीका आधारमा साइबर अपराध तथा सार्वजनिक शान्ति खलल पार्न नहुनेसम्बन्धी कसुरमा मुद्दा दर्ता गरी पक्राउ पुर्जी जारी गरिएको थियो।



सोही पुर्जीका आधारमा खोजी गर्ने क्रममा महतोलाई उदयपुरको चतरा पुलपारि एक होटलमा लुकिछिपी बसेको अवस्थामा असोज ४ गते पक्राउ गरिएको प्रहरीले जनाएको छ।

उदयपुर प्रहरीको सहयोगमा पक्राउ गरिएका महतोमाथि अहिले थप अनुसन्धान तथा कानुनी कारबाही भइरहेको जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालले जानकारी दिए।

प्रहरीका अनुसार महतोले आफूसँग स्वचालित हतियार रहेको र आफू पूर्व 'जनतान्त्रिक' लडाकु भएको भन्दै केही व्यक्तिलाई धम्की दिएको तथा हतियारको तस्वीर पठाएर आपराधिक लाभसमेत लिएको सूचना प्राप्त भएको छ।

यस घटनासँग सम्बन्धित भएर महतोबाट पीडित भएको वा कुनै किसिमको धम्की तथा आपराधिक लाभसम्बन्धी गतिविधिमा परेको भए जिल्ला प्रहरी कार्यालय सिरहामा सम्पर्क गर्न प्रहरीले आग्रह गरेको छ।

# चोरी भएको घरमा महिलाको शव फेला पऱ्यो

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साको धोबिनी गाउँपालिका-५ स्थित चोरी भएको एक घरबाट महिला शव फेला परेको छ। स्थानीय श्रीनिवास साह तुराहाकी श्रीमती ५५ वर्षीया लखराव देवी साह तुराहा सोमबार बिहान घरको दोस्रो तल्लामा मृत अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ।



प्रहरीका अनुसार आइतबार राति तीन तल्ले पक्की घरमा श्रीनिवास पहिलो तल्लामा र उनकी श्रीमती दोस्रो तल्लाको छुट्टाछुट्टै कोठामा सुतेका थिए। रातिको समयमा अज्ञात समूहले झ्याल तोडेर दोस्रो तल्लामा प्रवेश गरी दराज फोडेर गरगहना चोरी भएको प्रहरीलाई जनाइएको थियो।

सोमबार बिहान नियमित पूजाका लागि श्रीमती नआएपछि श्रीनिवास दोस्रो तल्लामा पुग्दा लखराव देवी मृत अवस्थामा भेटिएकी थिइन्। त्यसपछि उनले प्रहरीलाई खबर गरेका थिए।

घटनाको जानकारी पाएपछि इलाका प्रहरी कार्यालय लंगडी, इलाका प्रहरी कार्यालय पोखरिया र जिल्ला प्रहरी कार्यालय पर्साबाट प्रहरी टोली घटनास्थल पुगेको थियो। प्रहरीले घटनास्थलको मुचुल्का उठाएर शव पोस्टमार्टमका लागि वीरगन्जस्थित नारायणी अस्पताल पठाएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ।

जिप्रका पर्साका प्रवक्ता डिएसपी चक्रबहादुर मल्लले धोबिनीस्थित एक घरमा महिला मृत अवस्थामा फेला परेको सूचना पाएपछि प्रहरी घटनास्थलमा पुगेर अनुसन्धान गरिरहेको बताए।

उनका अनुसार घरको झ्याल र दराज तोडिएको तथा गरगहना चोरी भएको जानकारी प्राप्त भए पनि चोरी भएको सामानको विस्तृत विवरण खुलिसकेको छैन।

मृत्युको कारणसमेत यकिन भइनसकेको डीएसपी मल्लले बताए। उनका अनुसार मृतकको टाउकोको पछाडिपट्टि बायाँ भागमा सामान्य चोट देखिएको छ। पोस्टमार्टम रिपोर्ट आएपछि मात्रै मृत्युको कारण यकिन हुने उनले बताए।

छिमेकीका अनुसार घरबाट लाखौँ रुपैयाँ मूल्य बराबरका गरगहना चोरी भएको छ। मृतक लखराव देवीका दुई छोरा र दुई छोरी छन्। उनका छोराहरू व्यवसायको सिलसिलामा काठमाडौंमा बस्दै आएका छन्।

# किशोरीलाई भारत लग्न खोजेको आरोपमा एक पक्राउ

**टुडे समाचारदाता**

रौतहट । मकवानपुरकी तीन किशोरीलाई भारततर्फ लैजान खोजेको आरोपमा एक भारतीय नागरिक पक्राउ परेका छन्। भारतको बिहारस्थित पूर्वीचम्पारण जिल्लाको कुण्डवा चैनपुरबाट २३ वर्षीय सलाउद्दीन अन्सारीलाई भारतीय सीमा सुरक्षा बल (एसएसबी) र प्रहरीको संयुक्त टोलीले पक्राउ गरेको हो।




उनी पूर्वीचम्पारणको ढाका थाना क्षेत्रअन्तर्गत हारूनी गाउँका बासिन्दा रहेको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार मकवानपुरको राईगाउँका १५ वर्षीया ज्योशा राई, १६ वर्षीया नवीना परियार र १७ वर्षीया मनीषा विष्टलाई अन्सारीले भारततर्फ लैजान खोजेका थिए।

वीरगञ्ज-रक्सौल र गौर नाकामा सुरक्षा निगरानी कडा रहेकाले ग्रामीण तथा वैकल्पिक बाटो प्रयोग गरेर किशोरीहरूलाई भारत लैजान खोजिएको प्रारम्भिक अनुसन्धानबाट खुलेको भारतीय प्रहरीले जनाएको छ।

किशोरीहरूलाई प्रलोभनमा पारी भारत लैजान खोजिएको हुनसक्ने आशंकामा प्रहरीले अनुसन्धान अघि बढाएको छ। पक्राउ परेका अन्सारीको साथबाट एउटा इलेक्ट्रिक स्कुटर, पाँच थान मोबाइल, आधार कार्ड, प्यान कार्ड, नेपाली रुपैयाँ ५१० र भारतीय रुपैयाँ ५२० बरामद भएको प्रहरीले जनाएको छ।

मोतीहारीका प्रहरी प्रमुख एसपी स्वर्ण प्रभातका अनुसार भारतमा आवश्यक कानुनी प्रक्रिया पूरा भएपछि उद्धार गरिएका किशोरीलाई नेपाल प्रहरीमार्फत अभिभावकको जिम्मा लगाइनेछ। पक्राउ परेका अन्सारीमाथि भने भारतीय कानुनअनुसार थप अनुसन्धान तथा कारबाही अघि बढाइने प्रहरीले जनाएको छ।

रौतहटका प्रहरी प्रमुख एसपी सीताराम रिजालले पनि घटनाबारे भारतीय प्रहरीसँग निरन्तर समन्वय भइरहेको जानकारी दिएका छन्। भारततर्फको कानुनी प्रक्रिया पूरा भएपछि किशोरीहरूलाई जिल्ला प्रहरी कार्यालय गौरमा ल्याई अभिभावकको जिम्मा लगाउने तयारी रहेको उनले बताए।


# प्रसूतिका बेला हुने हिंसालाई कसुरका रूपमा वर्गीकरण गर्नुपर्ने माग

काठमाण्डु । प्रतिनिधिसभाका सांसदहरूले प्रसूतिका बेला हुने हिंसालाई कसुरका रूपमा वर्गीकरण गरिनुपर्ने माग गर्नुभएको छ। महिला, कानुन र विकास मञ्चद्वारा आज यहाँ आयोजित 'सम्मानजनक प्रसूति सेवा तथा प्रसूति हिंसा सम्बोधनसम्बन्धी कानुनको आवश्यकता' विषयक छलफलमा सांसद सुशीला ढकाल आचार्यले समाजमा प्रसूतिका समयमा हुनसक्ने कुनै पनि समस्यामा श्रीमान्ले साथ र सहयोग गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

सांसद बलावती शर्माले प्रसव पीडाका बेला हुने हिंसा न्यूनीकरण गर्न कानुन निर्माण गर्नुपर्नेमा जोड दिनुभयो। पारिवारिक हिंसा न्यूनीकरण गर्नुपर्ने, चिकित्सक र नर्सलाई यस विषयमा सचेत गराउनुपर्ने उहाँले बताउनुभयो। सांसद ललिताकुमारीले चिकित्सक र नर्सलाई अपमानित हुने अभिव्यक्ति नदिन अनुरोध गर्दै कमीकमजोरी भएमा सुधार गराउनुपर्ने बताउनुभयो। सांसद राधिका रम्तेलले केही समयअघि कालिकोटमा प्रसूति हिंसाको अवस्था कहालीलाग्दो रहेको बताउनुभयो। कर्णालीका दूरदराजमा उपचारमा संलग्न चिकित्सकको व्यवहारले सम्मानजनक प्रसूति कल्पनाभन्दा बाहिर भएको उहाँको भनाइ छ। सांसद प्रभा कार्कीले आफ्नो स्वास्थ्य पहिलो प्राथमिकतामा राख्न प्रसूति अवस्थाका महिलालाई सुझाव दिनुभयो। आफ्नो स्वास्थ्यलाई पहिलो प्राथमिकतामा राखे हिंसा न्यूनीकरणमा सहयोग पुग्ने उहाँको भनाइ छ। सांसद अच्यूतम लामिछानेले सृष्टिकर्ता महिलाको अधिकार, कर्तव्य र शिक्षामा जनचेतना फैलाउन सके समस्या समाधान हुने बताउनुभयो। सांसद एलिजा गुरुङले छोरी शिक्षामा जोड दिनुभयो। चिकित्सकको लापरवाही रोक्न कानुन निर्माण गर्न जरुरी भइसकेको उहाँले बताउनुभयो। सांसद गुरु बरालले नागरिक चेतना अभिवृद्धि, सभ्यताको विकास, समयसापेक्ष ऐन तथा कानुन परिमार्जन, स्वास्थ्यकर्मीमा रुपान्तरण र समाजको चेतनामा आमूल सुधार गरियो भने सम्मानित प्रसूतिलाई सहयोग पुग्ने बताउनुभयो।

सांसद पार्वती विकले पारिवारिक संरचनाकै कारण समस्या हुने गरेकाले पुनःसंरचना गरिनुपर्नेमा जोड दिनुभयो। यसका लागि शिक्षा अनिवार्य आवश्यकताका रूपमा रहेको उहाँको भनाइ छ। सांसद सिर्जना श्रेष्ठले महिलालाई आर्थिक, शैक्षिक तथा सामाजिक रूपमा सक्षम बनाउनुपर्ने बताउनुभयो। रासस





**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# सुरक्षा कडाइको सकारात्मक परिणाम

नेपालको तराई मधेश भएर भारततर्फ हुने गाँजा तस्करीमा कमी आएको देखिन्छ । सुरक्षा कडाइ बढेसँगै गाँजा तस्कर पक्राउ पर्ने र भारी परिमाणमा गाँजा बरामद हुन थालेको छ । पछिल्लो पटक सप्तरी जिल्लाको डाकनेश्वरीको फत्तेपुरमा सुरक्षाकर्मीले भारी परिमाणमा गाँजा बरामद गरेको छ । ७० वर्षीय वृद्ध दलितको घरलाई तस्करहरुले गाँजा भण्डारण बनाएका थिए । तर विशेष सूचनाको अधारमा प्रहरीले २१ किलो भन्दा बढी गाँजा बरामद गरेको हो । बरामद गरिएको गाँजा पक्राउ परेकाहरुको आर्थिक अवस्था र उमेर हेर्दा उनीहरु गाँजा तस्करी गर्ने मानिस देखिदैन । कुख्यात तस्करहरुले उनीहरुलाई थोरै आर्थिक प्रलोभन दिएर गाँजा लुकाएको हुन सक्ने देखिन्छ । सप्तरी जिल्लामा प्रायः गाँजाको खेती भएको प्रहरीको तथ्यांकमा देखिदैन । त्यसकारण त्यो गाँजा तस्करहरुले अन्य जिल्लाबाट ल्याएर त्यहाँ लुकाएको हुन सक्ने अनुमान गरिएको छ । नेपालबाट भारततर्फ भारी परिमाणमा गाँजा तस्करी हुने गरेको तथ्यांकबाट देखिन्छ । गाँजा तस्करलाई अहिले भारतीय सीमाक्षेत्रमा पनि कडाई गरिएको छ । थोरै परिमाणमा गाँजा लिएर भारतीय क्षेत्रमा छिर्ने तस्करहरुलाई भारतीय सुरक्षाकर्मीहरुले पक्रन थालेका छन् । अहिले दिनहुँ नेपाल र भारतको सीमावर्ती क्षेत्रमा विभिन्न किसिमको तस्करीमा संलग्न रहेकाहरु धमाधम पक्राउ पर्न थालेका छन् । तस्करीलाई नियन्त्रण गर्न नेपाल र भारतका सुरक्षाकर्मीहरुबीच राम्रो तालमेल देखिन्छ । दुबै तर्फका सुरक्षाअधिकारीहरु तस्करी रोक्न स्वयं सक्रिय भएको देखिन्छ । नेपाल तर्फको सुरक्षा अधिकारीहरुको बढेको सक्रियताले भारततर्फ हुने तस्करीमा निकै कमी आएको देखिए पनि भारतबाट नेपाल तर्फ हुने तस्करीमा उल्लेखनीय कमी आएको छैन । भारतबाट भारी परिमाणमा नियमित रुपमा लागुऔषध तस्करी भएर आइरहेको छ । लागुऔषधको तस्करीमा नेपाली र भारतीय नागरिकको संलग्नता देखिन्छ । भारतीय सुरक्षा अधिकारीहरुले लागुऔषधको तस्करी नियन्त्रण गर्न सीमा क्षेत्रमा हुने गतिविधिलाई नियन्त्रण गर्न आवश्यक छ । नेपाल भित्रिने लागुऔषध भारतको सीमावर्ती बजारहरुमा नै उपलब्ध रहेको छ । सुरक्षाकर्मीहरुले लागुऔषध सहित पक्राउ गर्नेहरुसित अनुसन्धान गरेर मुख्य तस्करहरुसम्म पुग्न सक्छ । हाल पक्राउ पर्ने अधिकांश भरियाहरु मात्र रहेको देखिन्छ । उनीहरु पक्राउ परेको केही दिनमा नै सामान्य धरौटी राखेर छुट्छन् । भरिया पक्रेर मुल तस्कर सम्म पुग्न प्रहरीलाई धेरै कठिनाइ हुने देखिदैन । तर पनि मुख्य तस्करलाई पक्राउ गर्न सुरक्षाकर्मीहरुले चासो लिएको देखिदैन । सप्तरी जिल्लामा बरामद भएको गाँजाको पनि मुख्य तस्करलाई पक्राउ गर्न सकिएको छैन । पक्राउ परेका विपन्न सदा र मुखियाले मुख्य तस्करसम्म पुग्ने मार्ग बताउन सक्छन् । त्यस तर्फ पनि सुरक्षाकर्मीहरुले अनुसन्धान र कारबाहीको प्रक्रियालाइ अगाडि बढाउन आवश्यक छ ।

# चाडबाड आएसँगै किन ठगिन्छन् उपभोक्ता ?



पुष्पराज भट्टराई

हवाई टिकटको बुकिङ खुल्यो, अनुगमन नहुँदा बिचौलिया मालामाल, बाख्रीको मासुमा बोकाको राजखानी झुण्ड्याएर मासु बेच्दै ग्राहकलाई ठग्दै, कार्यालयमा ताला कर्मचारी र जनप्रतिनिधिहरु भ्रमणमा, दुर्गम जिल्लाका कार्यालय सहयोगीको भरमा चल्छन्, पानीको जारभित्र भित्तिको पुच्छर भेटियो, राजमार्गमा यात्रुलाई सास्ती २० रुपियाँको पानी ८० रुपियाँको मूल्य, गाडीको टिकट नखुल्दै काउन्टरमा टिकटको अभाव, म्याद नाघेका खाद्य सामग्री जफत गरियो, अनुगमन नहुँदा होमस्टेमा बासी भात, बर्थडे केक खादा एकै परिवारका चारजना सिकिस्त, कोकको बोतलमा सिसाको टुक्रा भेटियो । बजारमा खाना पकाउने ग्यासको अभाव आदि, आदि । यी उपभोक्तासँग प्रत्यक्ष सरोकार राख्ने वस्तु र सेवा सम्बन्धी बारम्बारमा छापिरहने समाचार शीर्षकका प्रतिनिधि उदाहरण मात्रै हुन् । यस्ता समाचारका हेडलाइनमा सबैको ध्यान पुगिहाल्छ । त्यसमा पनि चाडपर्व नजिकिदै गर्दा यस्ता समाचार निकै छापिने गर्छन् ।

समाचारका शीर्षक देख्ने बित्तिकै कहाँ, कहिले, कसरी, किन, कुन ठाउँमा ? आदि कौतुहलयुक्त प्रश्न हरेकको मनमा उब्जिनु स्वाभाविक हो । कतिपय सोसल मिडियाहरुले ग्राहकको ध्यान तान्न र आफ्नो भ्युज बढाउन पनि भ्रमपूर्ण समाचार छाप्ने गरेको पाइन्छ । अनि सच्याइएको भनी दुई शब्दमा लेखेर चोखिने परम्परा पनि नौलो होइन । यो पनि उपभोक्ता ठगिने राम्रै काइदा हो । तर त्यो भ्रमपूर्ण समाचारले पारेको प्रभाव कति हुन्छ भन्ने हेक्का चाहिँ कमैले गरेका हुन्छन् । हुन पनि मिडियाले उपभोक्ता अधिकारका विषयमा कमै लेख्ने गर्छन् ।

स्थानीय बजारमा दैनिक हाटबजार लाग्नु नौलो हुँदैन । त्यसमाथि ठाउँठाउँमा लाग्ने मेला र पर्व विशेषमा हाटबजारमा खुला रुपमा खानेकुरा बेच्नु सामान्य मानिन्छ । पानीपुरी ,चटपटे, लिट्टी, समोसा, जेरी लगायतका खाजा नास्ता, खुलम्खुल्ला बेच्दा त्यहाँ कुनै खाद्य सुरक्षा र स्वास्थ्यको ख्याल हुँदैन । मात्र वस्तुको किनबेचसँग मतलब हुने यहाँ प्रायः खानेकुरा खुला रुपमा सडक पेटीमा राखेर बेच्नु सामान्य मानिन्छ ।

गत असारको आधातिर धनुषाको जटाही छोटी भन्सार नजिकै पुग्दा चिया खाने रहरले होटलभित्र छिरेर टुटेफुटेको मैथिली भाषा बोल्दा जति अप्ठ्यारो लाग्यो त्योभन्दा नजिकैको पोखरीबाट ल्याएको धमिलो पानीमा पकाएको चियाले अहिलेसम्म चिया खान मन लागेको छैन । कुरा बुझ्दा असारको दिनमा चापकलमा पानी आउन छाडेपछि सबैको प्राणको सहारा पोखरीको पानी रहेछ । सुख्खाग्रस्त मधेशमा पानीको यो अभाव कतिन्जेल हुने हो भन्न सकिन्न ।

यस्ता दुई चार घटनालाई प्रतिनिधि घटनाका रुपमा हेर्दा यहाँ वस्तुको उपभोग गर्ने वा प्रयोग गर्ने उपभोक्ताको स्वास्थ्यमाथि भएको गम्भीर खेलवाड हो । उपभोक्ता निर्दोष हुँदाहुँदै पनि जीवनयापनका क्रममा हरेक व्यक्ति हरेक दिन उपभोक्ता बन्न बाध्य भइरहेको हुन्छ । सामान्य लापरवाहीले हाम्रो स्वास्थ्यमा कसरी खेलवाड भइरहेको हुन्छ ? भन्ने कुरा यी दुई तीनवटा स्थलगत घटनाको साक्षी आफैं हुँदा मलाई उपभोक्ता र स्थानीय हाटबजार व्यवस्थापनका विषयमा लेख्न कुनै अप्ठ्यारो भएन । सायद नियमित बजार अनुगमन हुन सकेको भए त्यस्तो अवस्था आउँदैनथ्यो कि ? चाडपर्व नजिकिदै गर्दा वस्तुको माग उच्च हुने र फितलो अनुगमनले गर्दा सामान र सेवाको कृत्रिम अभाव सिर्जना गर्नु, म्याद गुज्रिसकेका सामान बजारमा छ्यापछ्याप्ती भेटिनु, मूल्यसूची नराखी मनपरी मूल्यमा सामान बिक्री वितरण गर्नुजस्ता कुरा हाम्रा लागि सामान्य भइसकेका छन् ।

कुनै पनि वस्तु तथा सेवाको उपभोग गर्नु भनेको प्रत्यक्ष रूपमा स्वास्थ्य तथा पोषणसँग जोडिएका विषय हुन् । हाम्रो स्वास्थ्य हामीले दैनिक उपभोग गर्ने वस्तुले निर्धारण गर्छ । आमउपभोक्तामा वस्तु, सेवा, बजार, स्थानीय बजार र उपभोक्ता अधिकार सम्बन्धी ज्ञान नहुँदा र सम्बन्धित निकायबाट नियमित अनुगमन हुन नसक्दा अखाद्य, गुणस्तरहीन वस्तु खाने अनि दैनिक अस्पताल जाने हाम्रो दिनचर्याजस्तै बनेको छ ।

प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने अधिकार हुन्छ । उपभोक्ता अधिकार जनजीविकाको अधिकार पनि हो । यसभित्र उपभोक्ताको छनोटको अधिकार, उपभोक्ताको सुनुवाइको अधिकार, उपभोक्ताको सूचनासँग सम्बन्धित अधिकार, सुनुवाइको अधिकार, क्षतिपूर्तिको अधिकार, शिक्षाको अधिकार, स्वच्छ वातावरणको अधिकार र आधारभूत वस्तु तथा सेवामा पहुँचको अधिकारलाई उपभोक्ता अधिकारका रूपमा परिभाषित गरिएको पाइन्छ । कानुनी सचेतना नहुँदा यी अधिकारबाट एकातिर उपभोक्ता वञ्चित हुन पुगेका छन् ।



अन्तर्राष्ट्रिय मान्यता र नेपालको कानुनअनुसार उपभोक्ताका मुख्य अधिकारहरूमध्ये, सुरक्षाको अधिकारः उपभोग्य वस्तु वा सेवाबाट ज्यान, स्वास्थ्य र सम्पत्तिमा हानि-नोक्सानी हुनु हुँदैन । हानिकारक वस्तुविरुद्ध सुरक्षा पाउने अधिकार यसमा पर्दछ । सूचनाको अधिकारः वस्तु वा सेवाको मूल्य परिमाण, गुणस्तर, शुद्धता र मिश्रणबारे सही जानकारी पाउनु उपभोक्ताको अधिकार हो । छनोटको अधिकारः बजारमा उपलब्ध विभिन्न प्रकारका वस्तु र सेवाहरूमध्ये आफ्नो इच्छा र बजेटअनुसार रोजेर किन्न पाउने स्वतन्त्रता हुनुपर्छ । सुनुवाइको अधिकारः उपभोक्ता हितसँग जोडिएका नीति निर्माण वा आफू ठगिएको अवस्थामा सम्बन्धित निकायमा कुरा राख्न र सुनुवाइ पाउने अधिकार हुन्छ । क्षतिपूर्तिको अधिकार ः गुणस्तरहीन सामान वा सेवाका कारण उपभोक्तालाई नोक्सानी भएमा उचित क्षतिपूर्ति वा राहत पाउनु पर्छ । उपभोक्ता शिक्षाको अधिकारः बजारमा हुने ठगी, आफ्ना अधिकार र कानुनी उपचारबारे जानकारी तथा शिक्षा पाउने अधिकार आदि उपभोक्ता अधिकारका प्रमुख स्तम्भ मानिन्छन् ।

नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहलाई स्थानीय बजार व्यवस्थापनमा जिम्मेवार निकायको रुपमा तोकेको छ । संविधानको धारा ४४ मा खाद्यसम्बन्धी हकलाई मौलिक हकका रूपमा उल्लेख गरिएको छ । गुणस्तरहीन वस्तु वा सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुने छ भनेर पनि उल्लेख गरिएको छ । संयुक्त राष्ट्रसङ्घले उपभोक्ताको अधिकार संरक्षणका लागि निर्देशिका जारी गरेको छ । जसमा बजार स्वच्छ राख्ने र उपभोक्ताको हक हित संरक्षण गर्ने दायित्व सरकारको हुन्छ भनी उल्लेख गरिएको छ । यसका साथै उपभोक्ता संरक्षण ऐन, २०७५ ले बजारमा हुने कालोबजारी, मिसावट, र कृत्रिम अभावलाई दण्डनीय अपराध मानेको छ । वर्तमान चुनौतीहरूनेपालको बजारमा उपभोक्ता अधिकारको अवस्था अझै पूर्ण रूपमा सन्तोषजनक छैन ।

हामीसँग अहिले संघ, प्रदेश र स्थानीय गरी ७६१ वटा सरकार छन् । संविधानले तिनै तहलाई बजार व्यवस्थापन र उपभोक्तासँग सम्बन्धी अनुसूची ५, ६, ७, ८ र ९ मा एकल र साझा अधिकारको व्यवस्था गरेको छ । यसै क्रममा मौलिक हकको कार्यान्वयन गर्ने गराउने, स्थानीय बजार व्यवस्थापन गर्ने, उपभोक्ता हित संरक्षण गर्ने र उपभोक्ता शिक्षा सञ्चालन गर्ने दायित्व स्थानीय सरकारको हो । स्थानीय व्यापार, वस्तुको माग, आपूर्ति तथा अनुगमन, उपभोक्ता अधिकार, व्यापारिक फर्मको दर्ता, अनुमति, नवीकरण, गुणस्तरको अनुगमन, नियमन र परीक्षण जस्ता जिम्मेवारी स्थानीय तहले पुरा गर्नुपर्ने व्यवस्था छ । आम उपभोक्ता सम्बन्धित कानुनमा उल्लेख भएका अधिकार र कर्तव्यमा सामान्य जानकारी नहुँदा ऐन, कानुनमा जतिसुकै राम्रा कुरा भए पनि त्यस सम्बन्धी कानुनी सचेतनाको अभावमा आम उपभोक्ताले सहज रूपमा उपभोग्य वस्तु प्राप्त गर्न सकेको देखिदैन ।

सचेत उपभोक्ता, सभ्य र सबल उपभोक्ता बन्न सकेको खण्डमा मात्र उपभोक्ता अधिकार सुनिश्चित हुन्छ ।

हाम्रो दिनचर्याको केही समय आफूले, आफ्नो घरपरिवारले उपभोग गर्ने सामान किन्नमा खर्च हुन्छ । हरेक परिवारको शारीरिक र मानसिक स्वास्थ्य सबल राख्नका लागि हामीले उपभोग गर्ने वस्तु तथा सामान उच्च गुणस्तरको हुन जरुरी छ । आफ्नो जीवनसँग प्रत्यक्ष रूपमा जोडिएको उपभोग्य सामग्री किन्नलाई कहिल्यै पनि हतार गर्नुहुँदैन । जबसम्म सबै उपभोक्ता सचेत रहने अवस्था सिर्जना हुँदैन तबसम्म हामी ठगिने र गुणस्तरहीन वस्तु उपभोग गर्ने अवस्थाको अन्त्य हुँदैन ।

बजारमा देखिने मुख्य समस्याहरुमा मिसावट र न्यून गुणस्तरः खाद्य पदार्थमा अखाद्य रसायनिक र मिसावटयुक्त वस्तुको प्रयोग हुनु । कालोबजारी र मूल्यवृद्धि ः सामानको कृत्रिम अभाव सिर्जना गरेर चर्को मूल्य असुल गर्नु । चेतनाको कमीः धेरै उपभोक्ताहरू आफ्ना अधिकार र ठगिँदा उजुरी गर्ने निकाय (जस्तैः वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग) बारे अनभिज्ञ हुनु जस्ता समस्या देखिएका छन् । उपभोक्ताले आफूले उपभोग गर्ने वस्तुको मूल्य, गुणस्तर, परिमाण, शुद्धताबारे चनाखो हुनुपर्छ । आफूले कुनै पनि वस्तु खरिद गरेको मूल्यबराबर त्यस वस्तु उपभोग गरेपश्चात् प्राप्त उपयोगिता प्राप्त भयो कि भएन भन्नेबारे सोच्नुपर्छ ।

चाडपर्वको बेला हामीले धेरै वस्तु खपत गर्ने प्रचलन रहेको छ । त्यसैले उपभोक्ताले वस्तु लिन जाँदा उत्पादकको नाम, ठेगाना र उद्योगको दर्ता नम्बर अनिवार्य हेर्नुपर्छ । वस्तुको परिमाण र तौल, वस्तुको गुणस्तर, वस्तु उपभोग गर्ने तरिका, वस्तुको उपभोग गरिसक्नुपर्ने अवधि, वस्तुको बिक्री मूल्य आदि विषय राम्रोसँग हेर्नुपर्छ । जब उपभोक्ता सचेत हुन्छन् तब मात्र सेवाप्रदायकले आफ्नो दायित्व निर्वाह गर्न चनाखो हुन्छन् । सेवा दिनेको दायित्वभित्र सबैले देख्ने ठाउँमा वस्तुको प्रकृति र उपभोक्ताले तिर्नुपर्ने मूल्यसूची राख्ने, पहिले आउने उपभोक्तालाई पहिले सेवा प्रदान गर्ने, उपभोक्ताबाट रकम लिएपछि सोको बिल वा रसिद दिनेलगायतका अन्य विविध कुरा पर्छन् ।

चाडपर्व सुरु हुनासाथ बजार अनुगमनले तीव्रता पाउनु नयाँ विषय हुनु हुँदैन । बजार अनुगमन निरन्तर चलिरहने पक्रिया पनि हो । यसका लागि हाल प्रचलनमा रहेको उपभोक्ता संरक्षण ऐन-२०७५ र उपभोक्ता संरक्षण नियमावली-२०७६ मा रहेका प्रावधानको उचित कार्यान्वयन गर्नु गराउनु तीन वटै तहका सरकारको साझा जिम्मेवारी हो । कालाबजारी, एकाधिकार, कृत्रिम अभाव सिर्जना गर्नेजस्ता कार्य अन्त्य गर्दै राष्ट्रिय अर्थतन्त्रलाई प्रतिस्पर्धी बनाई व्यापारिक स्वच्छता र अनुशासन कायम गरी उपभोक्ताको हित संरक्षण गर्नु सरोकारवाला सबैको साझा दायित्व हो । यसका लागि उपभोक्ता शिक्षा सञ्चालन गर्नुपर्छ । जब उपभोक्ता सचेत, सबल र सक्षम हुन्छन् तब मात्र उपभोक्ता अधिकारको ग्यारेन्टी हुन्छ । अनि अत्यावश्यक वस्तु तथा सेवा सुपथ मूल्यमा उपलब्ध हुने वातावरण निर्माण हुन्छ ।

निष्कर्षमा उपभोक्ता अधिकारको संरक्षण राज्यको मात्र दायित्व होइन । यसका लागि उत्पादक, विक्रेता र उपभोक्ता स्वयं जिम्मेवार हुनुपर्छ । उपभोक्ताहरू सामान किन्दा म्याद नाघे/ननाघेको एक्सपायर डेट, मूल्य र गुणस्तर चिह्न (जस्तैः एनएस मार्क ) हेरेर मात्र किन्ने र बिल लिने बानी बसाल्नुपर्छ । सजग उपभोक्ता नै सुरक्षित बजारको आधारशिला हुन् ।

*लेखकः कृषि र पर्यटन अभियान्ता एवं उपभोक्ता अधिकारकर्मी हुनुहुन्छ ।*

# एउटै घरभित्र तीन दशकको इतिहास

**ईश्वर थापा**

धनकुटा नगरपालिका-६ सिरान बजारमा रहेको एउटा घर बाहिरबाट हेर्दा सामान्य घरजस्तै देखिन्छ तर घरभित्र पस्नेबित्तिकै त्यहाँको वातावरण फरक महसुस हुन्छ । कोठाका दराज, भित्ताका कुनाकाप्चा र च्याकमा सजाएर राखिएका पुराना सामग्रीले आगन्तुकलाई दशकौँ पुरानो समयतिर पुऱ्याउँछ ।

घरभित्र कुनै समय नेपाली समाजको दैनिकीमा प्रयोग भएका रेडियो, ग्रामोफोन र टेलिफोन रहेका छन् । पुराना भाँडाकुँडा र कृषि औजार पनि छन् । राणा शासनकालको इतिहास सम्झाउने चन्द्रशमशेरकालीन इँटा र माटाका पाइप छन् । धनकुटाको पुरानो स्वरुप देखाउने दुर्लभ तस्बिर रहेका छन् । त्यति मात्र होइन, नेपालको प्रजातान्त्रिक आन्दोलनसँग जोडिएका महत्वपूर्ण दस्तावेज पनि त्यहीँ सुरक्षित रहेका छन् ।

तीमध्ये एउटा सामान्य देखिने कागजले विशेष अर्थ राख्छ । २००७ सालको प्रजातान्त्रिक आन्दोलनका क्रममा नेपाली काँग्रेसका तत्कालीन राजनीतिक कमिसार गिरिजाप्रसाद कोइरालाले जयनारायण श्रेष्ठसँग भरुवा बन्दुक र गोली लिएको भर्पाइ हो त्यो । बन्दुक फिर्ता गर्ने शर्तमा बनाइएको भर्पाइ हो त्यो । तर, बन्दुक लिएको प्रमाणका रुपमा तयार पारिएको त्यो कागज भने पुस्तौं पार गर्दै अहिले पनि सुरक्षित रहेको छ । यस्ता ऐतिहासिक सामग्रीको संरक्षण धनकुटा नगरपालिका-६, सिरान बजारका मनोजनारायण श्रेष्ठ गर्दै आउनुभएको हो ।

शहीद भीमनारायण श्रेष्ठका जेठा छोरा श्रेष्ठले तीन दशकभन्दा बढी समयदेखि पुराना वस्तु, ऐतिहासिक कागजात, तस्बिर तथा स्मृति चिन्ह सङ्कलन गर्दै आफ्नै घरलाई सानो तर महत्वपूर्ण सङ्ग्रहालयका रूपमा विकास गर्नुभएको छ । उहाँले स्थापना गर्नुभएको शहीद भीमनारायण श्रेष्ठ स्मृति सङ्ग्रहालय अहिले धनकुटाको सामाजिक, सांस्कृतिक, राजनीतिक र ऐतिहासिक स्मृतिको एउटा निजी अभिलेखजस्तै बनेको छ ।



### एक विदेशीको प्रश्नले शुरू भएको संरक्षण यात्रा

मनोजनारायण श्रेष्ठको पुराना वस्तु सङ्कलन गर्ने यात्रा कुनै पूर्वयोजनाबाट सुरु भएको थिएन । एउटा सामान्य घटनाले उहाँलाई पुराना सम्पदा र वस्तुको महत्वबारे सोच्न बाध्य बनाएको थियो । २०५१ सालमा उहाँ जापानी नागरिकहरूसँग काम गर्नुहुन्थ्यो । एक दिन जापानी टोलीलाई लिएर धनकुटा बजारको हुलाकटोल हुँदै चारचौतारातर्फ जाने क्रममा अहिलेको जिल्ला प्रहरी कार्यालय नजिक पुगेपछि टोलीका सदस्यहरुले अचानक गाडी रोकेर हिँड्न लगाएका थिए । त्यो बेला सडकमा बिछ्याइएको पुरानो ढुङ्गा हेर्न उनीहरू गाडीबाट ओर्लिएको मनोजनारायणले बताउनुभयो । “ उनीहरु किन गाडीबाट ओर्लिए भनेर दोभासेमार्फत सोधेको थिएँ”, श्रेष्ठ सम्झनुहुन्छ, “उनीहरुले त्यो ढुङ्गे सडक पुरातात्विक सम्पदा भएकाले त्यसको संरक्षण गर्नुपर्ने र त्यसमाथि गाडी चलाउँदा ढुङ्गा फुट्नसक्ने बताएका थिए ।”

विदेशी नागरिकले धनकुटाको एउटा पुरानो ढुङ्गाप्रति देखाएको संवेदनशीलताले उहाँलाई गहिरो प्रभाव पारेको उहाँको भनाइ छ । “धनकुटा हाम्रो, बाटो हाम्रो, ढुङ्गा पनि हाम्रो, तर त्यसको माया चाहिँ विदेशीलाई लाग्ने ?” उहाँले त्यसबेला मनमा उठेको प्रश्न सुनाउनुभयो । त्यही घटनापछि उहाँले पुराना वस्तु जोगाउने र सङ्कलन गर्ने सोच बनाएको बताउनुभयो । सानो प्रयासबाट सुरु भएको उहाँको अभियान तीन दशकभन्दा बढी समयपछि ठूलो व्यक्तिगत सङ्ग्रहमा परिणत भएको छ । अहिले उहाँसँग २००भन्दा बढी महत्वपूर्ण तथा दुर्लभ ऐतिहासिक सामग्री सुरक्षित छन् ।

### एउटा भर्पाइ, जसले इतिहासको कथा सुनाउछ

सङ्ग्रहालयमा रहेका सबै सामग्रीमध्ये २००७ सालको प्रजातान्त्रिक आन्दोलनसँग सम्बन्धित दस्तावेजलाई विशेष महत्व दिइएको छ । त्यसमध्ये जयनारायण श्रेष्ठसँग तत्कालीन नेपाली कांग्रेसका राजनीतिक कमिसार गिरिजाप्रसाद कोइरालाले भरुवा बन्दुक र त्यसका गोली लिएको भर्पाइ महत्वपूर्ण मानिन्छ । राणा शासनविरुद्धको सशस्त्र आन्दोलनका क्रममा तत्कालीन राजनीतिक गतिविधिका लागि बन्दुक आवश्यक परेपछि कोइरालाले जयनारायणसँग उक्त हतियार लिएको बताइएको छ ।

क्रान्ति सम्पन्न भएपछि फिर्ता गर्ने सर्तमा बन्दुक लिइएको प्रमाणका रुपमा भर्पाइ गरिएको थियो । क्रान्ति सम्पन्न भयो । राजनीतिक व्यवस्था पनि परिवर्तन भयो । तर, त्यो बन्दुक श्रेष्ठ परिवारमा फर्किएन । बन्दुकको सट्टा त्यसको सम्झना बोकेको एउटा कागज मात्र परिवारसँग रह्यो । जयनारायण सहिद भीमनारायणका बुबा तथा मनोज नारायणका हजुरबुबा हुन् । “त्यो सामान्य कागजजस्तो देखिए पनि यसको ऐतिहासिक महत्व धेरै ठूलो छ”, श्रेष्ठले बताउनुभयो, “त्यसले नेपालको प्रजातान्त्रिक आन्दोलनको एउटा महत्वपूर्ण घटनालाई सम्झाइरहेको छ ।” आज त्यो भर्पाइ सङ्ग्रहालयको महत्वपूर्ण सामग्री बनेको छ ।

### चन्द्रशमशेरकालीन इँटादेखि राणाकालीन माटाका पाइपसम्म

सङ्ग्रहालयमा राजनीतिक इतिहाससँग सम्बन्धित सामग्री मात्र छैनन् । नेपाली समाजको जीवनशैली, प्रविधि र निर्माण संस्कृतिसँग सम्बन्धित सामग्री पनि उत्तिकै महत्वपूर्ण छन् । चन्द्रशमशेरको पालामा निर्माण गरिएका इँटा यहाँ सुरक्षित छन् । राणा शासनकालमा हिलेबाट धनकुटा सदरमुकामसम्म खानेपानी ल्याउन प्रयोग गरिएका माटाका पाइप पनि सङ्ग्रहालयमा राखिएका छन् । पुराना सञ्चार उपकरणले तत्कालीन प्रविधिको झल्को दिन्छन् । ग्रामोफोन, रेडियो र टेलिफोनले सञ्चार र मनोरञ्जनका पुराना दिन सम्झाउँछन् ।

घरायसी भाँडाकुँडा, काठ तथा माटाबाट बनेका सामग्री र कृषि औजारले तत्कालीन समाजको दैनिकी बुझ्न सहयोग गर्छन् । यी सामग्रीमध्ये धेरै अहिलेको पुस्ताले देख्नसमेत पाएको छैनन् । त्यसैले सङ्ग्रहालय पुराना वस्तु थन्क्याइएको स्थान मात्र नभएर पुस्ताबीचको सम्बन्ध जोड्ने माध्यम पनि बनेको श्रेष्ठको भनाइ छ ।

### पुरानो धनकुटा तस्बिरमा जीवित छ

मनोजनारायण श्रेष्ठले धनकुटाका पुराना तस्बिरलाई पनि प्राथमिकताका साथ सङ्कलन गर्नुभएको छ । करिब ६० देखि ७० वर्षअघि खिचिएका धनकुटाका विभिन्न स्थानका तस्बिर सङ्ग्रहालयमा सुरक्षित छन् । ती तस्बिरमा पुरानो धनकुटा देखिन्छ । त्यतिबेलाको बजार, सडक, घर, बस्ती र मानिसको जनजीवन देखिन्छ । अहिले धेरै कुरा परिवर्तन भइसकेका छन् । कतिपय घर भत्काएर नयाँ बनाइएका छन् भने धेरै घरहरु थपिएका छन् । कतिपय बाटाघाटा फेरिएका छन् । पुरानो बजारको स्वरुप बदलिएको छ । तर ती सबै दृश्य तस्बिरमा अझै जीवित छन् ।

पुराना तस्बिरले धनकुटाले समयको लामो यात्रामा पार गरेको परिवर्तनलाई बुझ्न सहयोग गर्ने श्रेष्ठले बताउनुभयो । “ आज सामान्य लाग्ने कुनै कागज वा तस्बिर पनि भोलि महत्वपूर्ण इतिहास बन्न सक्छ”, उहाँले भन्नुभयो, “त्यसैले धनकुटासँग सम्बन्धित भेटिएका सामग्री सकेसम्म सुरक्षित राख्ने प्रयास गर्दै आएको छु ।”

### बुबाको स्मृतिलाई संग्रहालयमा सुरक्षित राख्दा

सङ्ग्रहालयको अर्को महत्वपूर्ण पाटो शहीद भीमनारायण श्रेष्ठसँग सम्बन्धित सामग्री हो । मनोजनारायण श्रेष्ठका बुबा भीमनारायण श्रेष्ठ नेपाली राजनीतिक इतिहासका एक चर्चित व्यक्तित्व हुनुहुन्छ । उहाँसँग सम्बन्धित कपडा, घडी, चिठीपत्र, व्यक्तिगत सामग्री तथा विभिन्न दस्तावेज सङ्ग्रहालयमा सुरक्षित छन् । यी सामग्रीमा उहाँको राजनीतिक सङ्घर्ष मात्र होइन, परिवारले भोगेको पीडा र तत्कालीन राजनीतिक परिस्थितिको चित्र पनि भेटिन्छ ।

भीमनारायण श्रेष्ठलाई २०३० साल चैत ३ गते विराटनगरमा तत्कालीन राजा वीरेन्द्र सहभागी कार्यक्रममा भएको बम प्रहार घटनापछि पक्राउ गरिएको थियो । उहाँमाथि राज्यविरुद्धको गतिविधि तथा राजामाथि बम प्रहारसम्बन्धी अभियोग लगाइएको थियो । विशेष अदालतले उहाँलाई मृत्युदण्डको फैसला सुनायो । २०३५ माघमा कोशी टप्पु पुऱ्याएर उहाँलाई गोली हानी मृत्युदण्ड दिइएको थियो ।

उहाँको जेलजीवन, सङ्घर्ष र पञ्चायतकालमा राज्यद्रोहको मुद्दा लागेपछि वकिलसमेत नपाएको अवस्थासँग सम्बन्धित कागजात पनि संग्रहालयमा सुरक्षित छन् । “बुबासँग सम्बन्धित सामग्री जोगाउनु मेरो व्यक्तिगत दायित्व पनि हो”, श्रेष्ठले बताउनुभयो, “यी सामग्रीले उहाँको सङ्घर्ष र परिवारले भोगेको अवस्थालाई नयाँ पुस्तासम्म पुऱ्याउन सहयोग गर्छ ।”

### अनुसन्धानकर्ताका लागि पनि महत्वपूर्ण स्रोत

घरभित्र सुरु भएको निजी सङ्ग्रह अहिले विद्यार्थी र अनुसन्धानकर्ताको अध्ययनस्थल पनि बन्न थालेको छ । इतिहास, संस्कृति, वास्तुकला र सामाजिक परिवर्तनसँग सम्बन्धित अध्ययन गर्ने विद्यार्थी तथा अनुसन्धानकर्ता संग्रहालय पुग्ने गरेका छन् । धरान इन्जिनियरिङ क्याम्पस तथा मदन भण्डारी प्रतिष्ठान, उर्लाबारी मोरङका विद्यार्थी र इन्जिनियरहरूले पुराना वास्तुकलाका नमुना अध्ययन गर्न सङ्ग्रहालयको अवलोकन गर्ने गरेका छन् । पुराना इँटा, माटाका पाइप, निर्माण सामग्री तथा घरायसी वस्तुले तत्कालीन प्रविधि र जीवनशैली बुझ्न सहयोग गर्ने गरेको श्रेष्ठले बताउनुभयो ।

मनोजनारायणले सङ्कलन गर्नुभएको सामग्री नयाँ पुस्ताका लागि महत्वपूर्ण ऐतिहासिक स्रोत बनेको स्थानीय राजेश्वर श्रेष्ठले बताउनु भयो । “समयसँगै प्रयोगबाट हराउँदै गएका धेरै सामग्री अहिले कतै भेटिँदैनन्”, राजेश्वरले भन्नुभयो, “यस्ता सामग्री सुरक्षित हुनु भनेको समुदाय र मुलुकको इतिहासलाई सुरक्षित गर्नु हो ।” राजनीतिक इतिहाससँग सम्बन्धित सामग्री मात्र नभएर दैनिक जीवनसँग जोडिएका वस्तु सुरक्षित हुनु सङ्ग्रहालयको विशेष पक्ष भएको उहाँले बताउनुभयो ।

शहीद भीमनारायण श्रेष्ठसँग सम्बन्धित दस्तावेज र सामग्री अवलोकन गर्न नेपाली काँग्रेसका नेता तथा कार्यकर्ता पनि सङ्ग्रहालय पुग्ने गरेका छन् । नेपाली कांग्रेसका सभापति गगन थापा, नेताहरु प्रकाशमान सिंह र मिनेन्द्र रिजाललगायत विभिन्न राजनीतिक व्यक्तित्वले सङ्ग्रहालयको अवलोकन गरिसकेको मनोज नारायणले बताउनुभयो । विशेषगरी भीमनारायण श्रेष्ठको राजनीतिक जीवनसँग सम्बन्धित दस्तावेजले लोकतान्त्रिक आन्दोलनको इतिहास बुझ्न सहयोग गर्ने उहाँको भनाइ छ ।

# प्रतिनिधिसभाः सांसदद्वारा समयसामयिक विषयमा सरकारको ध्यानाकर्षण



काठमाण्डु । प्रतिनिधिसभाको सोमबारको बैठकमा सांसदहरूले समयसामयिक विषयमा सदनमार्फत सरकारको ध्यानाकर्षण गराउनुभएको छ । बैठकको शून्य समयमा उहाँहरूले दन्त स्वास्थ्य सेवालाई प्राथमिकता दिन र स्थानीयस्तरसम्म विस्तार, चाडबाडको तथा विपद्को बेला महङ्गो हुने हवाई भाडादर नियन्त्रण गर्नुपर्नेलगायत माग राख्नुभयो ।

सांसद अमृता धितालले दन्त स्वास्थ्यले अझै पनि ग्रामीण क्षेत्रसम्म प्राथमिकता पाउन नसकेको बताउँदै यस बारेमा सरकारको ध्यान जानुपर्ने उल्लेख गर्नुभयो । उहाँले मुखको क्यान्सर नियन्त्रणका लागि पनि दन्त स्वास्थ्य प्रभावकारी बनाउनुपर्ने धारणा राख्नुभयो ।

सांसद डा अच्युतम लामिछानेले भोटकोशी बाढी प्रभावित क्षेत्रमा हालसम्म सरकारले गरेका कामको जानकारी सनदलाई दिनुपर्ने भन्दै अब पुनःसंरचनाका लागि कुनै कमी हुन नदिने कार्ययोजनासहित काम गर्न सरकारसँग आग्रह गर्नुभयो । सांसद अनुष्का श्रेष्ठले पर्यटन नीतिमा भएका व्यवस्था कार्यान्वयन गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद अम्बिका देवी सङ्गौलाले अमेरिकाको 'ग्रेजोन मिडिया'ले नेपालका सम्बन्धमा प्रकाशित गरेको समाचारका बारेमा स्पष्ट पार्न सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद अरविन्द झाले निजगढ विमास्थल निर्माणमा ढिलाइ हुँदा लागत बढेको उल्लेख गर्दै तत्काल कामलाई तीव्र बनाउन र विस्थापित समुदायको माग सुनुवाई गर्न माग गर्नुभयो ।

सांसद अर्जुननरसिंह केसीले भोटेकोशी बाढी प्रभावितहरूलाई नजिकिँदै गरेको चाडवाड अघि व्यवस्थित गर्न आग्रह गर्नुभयो । सांसद अशोक चौधरीले सङ्घीयताको अनुभूतिका लागि जनताको घरदैलोमा विकास र शान्ति सुरक्षाको व्यवस्था गर्नुपर्ने बताउनुभयो ।

सांसद आकृति अवस्थीले चाडबाडको मुखमा आन्तरिक हवाई उडानको भाडादर महङ्गो हुने बताउँदै सो सम्बन्धमा सरकारको ध्यानाकर्षण गाराउनुभयो । सांसद आनन्दबहादुर चन्दले स्वास्थ्य बिमा सर्वसाधारण नागरिकको उपचार पाउने ठूलो आधार भएको उल्लेख गर्दै यसलाई स्थनीयस्तरसम्म र अनौपचारिक क्षेत्रसम्म विस्तार गर्न माग गर्नुभयो । सांसद आरेन राईले जेनजी आन्दोलनका घाइतेका माग सम्बोधन गर्न सरकारसँग आग्रह गर्नुभयो ।

बैठकमा आशा झा, आशिष गजुरेल, आशिका तामाङ, उत्तमप्रसाद पौडेल, एलिजा गुरुङ, एसुदाकुमारी बराल, कन्हैया बनिया, करिष्मा कठरिया, कविन्द्र बुर्लाकोटी, कामिनी कुमारी, कुलभक्त शाक्य, कुशुम महर्जन, कृष्णहरि बुढाथोकी, कोमल ज्ञवाली, क्रान्तिशिखा धिताल, खगेन्द्र सुनार, खिमा विक, खेमराज कोइराला, गणेश कार्की, गणेश धिमाल, गणेश पौड्याल, गणेशबहादुर विश्वकर्मा, गुरुप्रसाद बराल, गोपाल शर्मा, गोविन्द पन्थी, गङ्गा छन्त्याल, गङ्गादेवी श्रेष्ठ, गङ्गालक्ष्मी अवाल, चन्दनकुमार सिंहलगायत सांसदहरूले समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो ।

> सांसद अम्बिका देवी सङ्गौलाले अमेरिकाको "ग्रेजोन मिडिया"ले नेपालका सम्बन्धमा प्रकाशित गरेको समाचारका बारेमा स्पष्ट पार्न सरकारकोध्यानाकर्षण गराउनुभयो ।

उहाँहरूले होल्डिङ सेन्टरमा बसेका भोटेकोशी प्रभावितका लागि तत्काल पुनःस्थापनाको व्यवस्था गर्नुपर्ने, प्रधानमन्त्रीको संयुक्त राष्ट्रसङ्घको महासभामा हुने आसन्न भ्रमण बारेमा सदनलाई जानकारी दिनुपर्नेलगायत विषयमा सभामुखमार्फत सरकारसँग माग गर्नुभयो । रासस

# ग्यास आपूर्ति सहज बनाउन मन्त्रालयले निरन्तर प्रयास गरिरहेको छः मन्त्री साह

काठमाण्डु । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दीपककुमार साहले ग्यास आपूर्ति सहज बनाउन मन्त्रालयले तत्कालीन, मध्यकालीन र दीर्घकालीन समाधानको ढाँचा तयार गरी सबै शक्ति र सामर्थ्य लगाइ निरन्तर प्रयास गरिरहेको बताउनुभएको छ ।



प्रतिनिधिसभाको सोमबारको बैठकमा सांसदका जिज्ञासाको जवाफ दिँदै उहाँले ग्यास सिलिण्डरको आपूर्ति यथाशीघ्र सामान्य बनाउन कार्यक्रम मूल्याङ्कन तथा समीक्षा प्रविधि विश्लेषण (पर्ट एनालाइसिस) गरी आपूर्ति प्रक्रियाका सबै चरणको अध्ययन गरिएको बताउनुभयो ।

"भन्सार जाँचपास (क्लियरेन्स)को समय घटाउन अर्थ मन्त्रालय, बाटोमा हुने जाम तथा आवागमन व्यवस्थापनका लागि गृहमन्त्रालय र नियमित आउने १०० बुलेट ग्यासलाई अस्थायी रूपमा एक सातासम्म १६० बुलेटसम्म पुऱ्याउन कूटनीतिक पहल अघि बढाइएको छ", मन्त्री साहले भन्नुभयो ।

ग्यास आपूर्ति अल्पकालीन रूपमा सहज र दीर्घकालीनका लागि दिगो तथा व्यवस्थित बनाउन आवश्यक मार्गनिर्देशन तयार गर्ने उद्देश्यले मन्त्रालयभित्र आन्तरिक समिति गठन गरिएको उहाँले जानकारी दिनुभयो । मन्त्री साहले भन्नुभयो, "मन्त्रालयमा ग्यास उद्योगीसँग गरिएको बैठकबाट काठमाडौं उपत्यकामा प्रतिदिन ५० हजार सिलिन्डर आपूर्ति गर्ने प्रतिबद्धता प्राप्त भएको छ, जसको कार्यान्वयन दैनिक तथ्याङ्कबाट अनुगमन भइरहेको छ ।"

यसैगरी अत्यावश्यक वस्तुको मूल्यवृद्धि, कमजोर बजार अनुगमन र कालोबजारीबारे माननीय सदस्यले उठाउनुभएको विषयमा सरकार गम्भीर रहेको मन्त्री साहले उल्लेख गर्नुभयो । अवाञ्छित मूल्यवृद्धि हुन नदिने र कृत्रिम अभाव सिर्जना गर्नेलाई कानुनबमोजिम कारबाही गर्न सरकार प्रतिबद्ध रहेको उहाँको भनाइ छ ।

"मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग र मातहतका कार्यालयबाट संयुक्त तथा आकस्मिक अनुगमन टोली परिचालन गरी अवाञ्छित मूल्यवृद्धि, कृत्रिम अभाव र कालोबजारी नियन्त्रणको काम भइरहेको छ", मन्त्री साहले भन्नुभयो, "उपभोक्ता हितविपरीत गतिविधि गर्नेमाथि कारबाही गर्दै आइएको छ र यस कार्यलाई अझ प्रभावकारी बनाउँदै लगिनेछ ।"

मन्त्री साहका अनुसार खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडमार्फत वर्षभरि सुपथ मूल्य पसल १९३ वटा सञ्चालन गरिएको छ भने साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडमार्फत चाडपर्व लक्षित सुपथ मूल्यका पसल सञ्चालनको तयारी भइरहेको छ । उहाँले विशेष आर्थिक क्षेत्र ऐन, २०७३ अनुसार अनुमतिपत्र रद्द भएका उद्योगले एक वर्षभित्र आफ्नो अचल सम्पत्तिको व्यवस्थापन गर्नुपर्ने र व्यवस्थापन हुन नसकेमा त्यस्तो सम्पत्ति नेपाल सरकारको हुने कानुनी व्यवस्था रहेको बताउनभुयो ।

निर्यात प्रवर्द्धन र आयात व्यवस्थापनमार्फत व्यापार घाटा कम गर्न 'वाणिज्य नीति, २०८१', 'नेपाल व्यापार एकीकृत रणनीति, २०८०' र 'व्यापार घाटा न्यूनीकरणसम्बन्धी राष्ट्रिय कार्ययोजना' अद्यावधिक गरी कार्यान्वयनमा ल्याइएको उहाँले जानकारी दिनुभयो ।

हेटौंडा सिमेन्ट उद्योग सञ्चालनको मागका सम्बन्धमा अर्थ मन्त्रालयबाट उक्त उद्योगको सम्पत्ति तथा दायित्व मूल्याङ्कन (डिडीए) सम्पन्न भएको बताउँदै मन्त्री साहले उद्योग सञ्चालनको विकल्प, वित्तीय दायित्व, प्रविधिगत अवस्था र बजार सम्भाव्यतालाई समेटेर निर्णय गर्ने विषय हाल छलफलमा रहेको अवगत गराउनुभयो ।

खानी तथा खनिज पदार्थको उत्खनन र ढुङ्गा, गिट्टी, बालुवा तथा क्रसर उद्योगको सञ्चालन मापदण्ड समयसापेक्ष बनाई प्रभावकारी नियमन गर्नुपर्ने विषयमा 'खानी तथा खनिज पदार्थसम्बन्धी विधेयक, २०८३' सङ्घीय संसद्मा पेस भई हाल समितिमा छलफलको क्रममा उहाँले जानकारी दिनुभयो ।

उत्तरी नाकाबाट व्यापार र आवागमन सहज बनाउन उठाइएको विषयमा सम्बन्धित व्यापार महाशाखा तथा सरोकारवाला निकायबाट नाकागत अवस्था, पूर्वाधार, भन्सार प्रक्रिया र अवरोधका कारणसम्बन्धी तथ्य सङ्कलन गर्दै आइएको उहाँले उल्लेख गर्नुभयो । रासस

# एमाले केन्द्रीय कमिटी बैठकः अध्यक्षद्वारा राजनीतिक प्रतिवेदन पेस

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले)को केन्द्रीय कमिटीको पहिलो दिन पार्टी अध्यक्ष केपी शर्मा ओलीले राजनीतिक प्रतिवेदन पेस गरेपछि आजका लागि बैठक सकिएको छ ।

ललितपुरको भनीमण्डलस्थित रामवाग पार्टी प्यालेसमा सोमबारदेखि सुरु भएकामा अध्यक्ष ओलीले राजनीतिक प्रतिवेदन पेस गरेपछि आजका लागि बैठक सम्पन्न भएको पार्टी प्रचार तथा प्रकाशन विभागका प्रमुख निरज आचार्यले जानकारी दिनुभयो ।




उहाँले भोलिदेखि अध्यक्ष ओलीको प्रतिवेदनमा प्रत्येक केन्द्रीय सदस्यलाई तीन/तीन मिनेटका दरले समय दिएर सुझाव दिइने बताउनुभयो । भोलि बिहान ९:०० बजे सोही ठाउँमा बैठक बस्ने छ । गत फागुनमा सम्पन्न भएको प्रतिनिधिसभा निर्वाचनपछि पार्टीको पहिलोपटक केन्द्रीय कमिटीको बैठक बसेको हो । बैठक यही असोज ७ गतेसम्म सञ्चालन हुनेछ । रासस

# मूल्यवृद्धि नियन्त्रण गर्न माग



काठमाण्डु । राष्ट्रियसभाका सदस्यहरुले पछिल्लो समय चामल, दाल र तेललगायतका अत्यावश्यक खाद्य सामग्रीमा निरन्तर भइरहेको मूल्यवृद्धिले न्यून आय भएकालाई दैनिक जीवन चलाउन चुनौती भएको जनाउँदै मूल्यवृद्धि नियन्त्रण गर्न सरकारको ध्यानाकर्षण गराउनुभएको छ ।

राष्ट्रियसभाको आजको बैठकको शून्य समयमा भाग लिँदै सांसद मीनासिंह रखालले मूल्य वृद्धिले न्यून आय भएकालाई समस्या तुल्याएकाले समस्या समाधान गर्न माग गर्नुभयो ।

सदस्य रामकुमारी झाँक्रीले पछिल्ला दिनमा विद्युतीय सवारीको प्रयोग र दुर्घटना बढिरहेकाले त्यस सम्बन्धी स्पष्ट नीति र कानुन आवश्यक रहेको बताउनुभयो ।

सदस्य रेखाकुमारी यादवले पत्रकारमाथि आक्रमण गर्नेलाई कारबाही गर्न माग गर्नुभयो । पत्रकारले गलत लेखेमा खण्डन गर्ने कानुनी व्यवस्था हुँदाहुँदै आक्रमण गरिनु निन्दनीय भएको उहाँको भनाई थियो ।

सदस्य रोशनी मेचेले अर्थमन्त्रीको भारत भ्रमणका क्रममा समकक्षीसँग भएको भेटवार्तामा किन नेपालको राष्ट्रिय झण्डा नराखेको भनी प्रश्न गर्नुभयो ।

सदस्य सम्झना देवकोटाले देशमा ६० वटा ग्यास भर्ने उद्योग रहेको तर एउटाले अर्काको सिलिण्डर नसाट्दा बजारमा समस्या भएकोबारे सदनलाई जानकारी गराउनुभयो ।

सदस्य सोमनाथ पोर्तेलले वर्तमान सरकारले दलित समुदायको परम्परागत पेसा प्रवर्द्धनका लागि छुट्याइएको रु ५० करोड मध्ये रु ४० करोड रकमान्तर गरेको आरोप लगाउनुभयो । रासस

# 'भोटेकोशी बाढी प्रभावित बालबालिकाको पढाइ रोकिँदैन'

काठमाण्डु । शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले रसुवा-भोटेकोशीबाढीबाटप्रभावित बालबालिकाको शिक्षालाई निरन्तरता दिन सरकारले तत्काल अस्थायी सिकाइ केन्द्रदेखि दीर्घकालीन पुनर्निर्माणसम्मका योजना अघि बढाएको बताउनुभएको छ ।



प्रतिनिधिसभाको सोमबारको बैठकमा सांसदहरूले उठाएका प्रश्नको जवाफ दिँदै मन्त्री पोखरेलले बाढीबाट क्षतिग्रस्त विद्यालय पुनर्निर्माण हुनुअघि अस्थायी सिकाइ केन्द्र, टोल शिक्षा तथा आवश्यकताअनुसार आवासीय व्यवस्थामार्फत पठनपाठन सञ्चालन गरिने जानकारी दिनुभयो ।

उहाँले बाढीका कारण अभिभावक गुमाएका बालबालिकाको शिक्षा सुनिश्चित गर्न शिक्षा तथा खेलकुद मन्त्रालयले निजी क्षेत्रसमेतको साझेदारीमा 'सुनिश्चित भविष्य छात्रवृत्ति योजना'अघि बढाएको बताउनुभयो ।

"कुनै पनि बालबालिका सिकाइबाट वञ्चित हुने अवस्था आउन दिइने छैन," मन्त्री पोखरेलले भन्नुभयो ।

विपद्पछिको आवश्यकता मूल्याङ्कन (पिडीएनए) प्रतिवेदनका आधारमा क्षतिग्रस्त विद्यालयको पुनर्निर्माण योजना तयार गरी कार्यान्वयन गरिने उहाँले बताउनुभयो । तत्कालका लागि स्थानीय तहसँग समन्वय गरी अस्थायी सिकाइ केन्द्र तथा आवश्यक आवासीय सुविधा सञ्चालनमा सहयोग गरिने छ । होल्डिङ सेन्टरमा रहेका बालबालिकालाई स्वास्थ्य उपचार तथा मनोसामाजिक परामर्श दिइरहेको र उनीहरूको सिकाइ निरन्तरताका लागि व्यवस्था मिलाइएको छ ।

**प्राविधिक शिक्षामा सुधार गरिने**

मन्त्री पोखरेलले प्राविधिक शिक्षामा अभिभावक तथा विद्यार्थीको चासो न्यून हुँदा कतिपय शिक्षालयमा तोकिएको सिटअनुसार विद्यार्थी भर्ना हुन नसकेको बताउनुभयो । प्राविधिक शिक्षामा देखिएका समस्या समाधान गर्न नीतिगत तथा कानुनी सुधार अघि बढाइने उहाँले बताउनुभयो ।

विद्यालय शिक्षाको गुणस्तर सुधारका लागि कक्षा ५ सम्म निरन्तर मूल्याङ्कन प्रणाली लागू गरिएको, विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलानको तयारी भइरहेको र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्सम्बन्धी कानुन संशोधनको प्रक्रिया अघि बढाइएको मन्त्री पोखरेलले जानकारी दिनुभयो ।

शिक्षा विधेयक तयारीका लागि सातै प्रदेशमा नीति संवाद सञ्चालन गरी सरोकारवालाबाट सुझाव सङ्कलन गरिएको मन्त्री पोखरेलले बताउनुभयो। प्राप्त सुझावका आधारमा विद्यालय शिक्षाका दीर्घकालीन समस्या समाधान गर्न शिक्षा ऐन जारी गर्ने तयारी भइरहेको छ ।

चालु आर्थिक वर्षमा विद्यालयको समग्र अवस्था म्यापिङ गरी त्यसका आधारमा विद्यालय पूर्वाधार निर्माण तथा शिक्षक दरबन्दी मिलान गरिने सरकारले जनाएको छ । मन्त्री पोखरेलले स्थायी शिक्षक पदपूर्ति संघीय सरकारको तथा करार नियुक्ति, सरुवा र दरबन्दी मिलानलगायत शिक्षक व्यवस्थापन स्थानीय तहको जिम्मेवारीमा रहेको स्पष्ट पार्नुभयो ।

सरकारले प्रारम्भिक बालविकास शिक्षक, विद्यालय सहायक कर्मचारी र विद्यालय सहयोगी कर्मचारीको पारिश्रमिकमा थप रु. ५ हजारका दरले वृद्धि गरेको मन्त्री पोखरेलले जानकारी दिनुभयो ।

शिक्षकका माग राज्यको आर्थिक क्षमताअनुसार क्रमशः सम्बोधन गर्दै जाने उहाँले बताउनुभयो।

**एन्फा निलम्बन फुकुवाका लागि पहल**

मन्त्री पोखरेलले अखिल नेपाल फुटबल सङ्घ (एन्फा) को निलम्बन फुकुवाका लागि नेपाल सरकारले पहल गरिरहेको बताउनुभयो ।

फिफाले २४ जुन २०२६ मा एन्फालाई अर्को सूचना नभएसम्म निलम्बन गरेको उल्लेख गर्दै उहाँले निलम्बन फुकुवाका लागि उच्चस्तरीय पहल भइरहेको जानकारी दिनुभयो ।

त्यस्तै, नेपाल-चीन मैत्रीपूर्ण खेलका क्रममा घाइते भई थाइल्याण्डमा उपचाररत आशिष राईलाई राष्ट्रिय खेलकुद परिषद्को स्वीकृत बजेटको सीमाभित्र रहेर उपचारका लागि आर्थिक सहयोग उपलब्ध गराउने निर्णय भएको पनि मन्त्री पोखरेलले जानकारी दिनुभयो । रासस

# पार्टीलाई नयाँ ऊर्जा र स्पष्ट मार्गसहित अघि बढाउने अध्यक्ष ओलीको भनाइ



काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले पार्टीलाई नयाँ ऊर्जा र स्पष्ट दिशासहित अघि बढाउने बताउनुभएको छ । ललितपुरको भनिमण्डलमा एमालेको तेस्रो केन्द्रीय कमिटी बैठकलाई आज सम्बोधन गर्दै उहाँले लोकतन्त्रका संस्थागत रक्षा गर्नु एमालेको पनि प्रमुख जिम्मेवारी भएकाले नयाँ योजनासहित राष्ट्र, जनताका पक्षमा निरन्तर लाग्ने बताउनुभयो ।

अध्यक्ष ओलीले पार्टीको पुनःनिर्माण, लोकतन्त्रको रक्षा र राष्ट्रिय स्वाधीनताको संरक्षणलाई केन्द्रमा राखेर अघि बढ्नुपर्ने आवश्यकता औँल्याउनुभयो । अहिले बसिरहेका बैठक केवल निर्वाचन परिणामको समीक्षा गर्ने थलो नभई पार्टीको अवस्था, कमजोरी र भावी दिशाबारे गम्भीर आत्मसमीक्षा गर्ने अवसर भएको उहाँले बताउनुभयो ।

अध्यक्ष ओलीले निर्वाचनबाट प्राप्त नतिजाबाट शिक्षा लिँदै पार्टीभित्रका कमजोरी पहिचान गर्न, जनतासँगको सम्बन्ध अझ बलियो बनाउन तथा सङ्गठनलाई सुदृढ गर्न आवश्यक रहेको उल्लेख गर्नुभयो उहाँले भन्नुभयो, "गत फागुनमा सम्पन्न भएको निर्वाचनमा एमाले कमजोर भएको छ, तर यसको जरा सुकेको छैन ।"

अध्यक्ष ओलीले राजनीतिक स्थिरता नरुचाउने शक्ति अझै सक्रिय रहेका आरोप लगाउँदै सरकार र नेतृत्वविरुद्ध अफवाह, गलत सूचना, घृणा र अविश्वास फैलाउने प्रयास भइरहेकाले यसतर्फ सबै सचेत भई स्थायीत्व कायम गर्नुपर्नेमा जोड दिनुभयो । बैठकमा विभिन्न नौ कार्यसूचिमाथि छलफल हुने छ । बैठक यही असोज ७ गतेसम्म सञ्चालन हुनेछ । रासस

# उपराष्ट्रपति र चिनियाँ राजदूतबीच भेट

काठमाण्डु । उपराष्ट्रपति रामसहायप्रसाद यादवसँग नेपालका लागि चीनका राजदूत चाङ माओमिङले आज लैनचौरस्थित उपराष्ट्रपतिको कार्यालयमा शिष्टाचार भेट गर्नुभएको छ । भेटमा नेपाल-चीन द्विपक्षीय सम्बन्ध, भोटेकोशी नदीमा गएको विनाशकारी बाढीका कारण भएको जनधनको क्षति तथा सहयोगलगायत विषयमा विचारविमर्श भएको हो ।

उपराष्ट्रपति यादवले भोटेकोशी बाढीमा नेपाली, चिनियाँ तथा अन्य विदेशी नागरिकको मृत्यु, सम्पत्ति र पूर्वाधारमा भएको क्षतिप्रति दुःख व्यक्त गर्दै दिवङ्गत आत्माहरूप्रति श्रद्धाञ्जली अर्पण गर्नुभयो ।

उहाँले बाढीमा घाइते नेपालीसहित चिनियाँ नागरिकहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै नेपालस्थित चीनका राजदूत माओमिङमार्फत उपराष्ट्रपति हान झेङलाई सहानुभूति प्रकट गर्नुभयो । भेटमा उपराष्ट्रपति यादवले चीनको ७७औं स्थापना दिवसको अवसरमा उपराष्ट्रपति झेङलाई बधाई दिँदै उहाँको सुख, सुस्वास्थ्य तथा चिनियाँ जनताको शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिका लागि शुभकामना पनि व्यक्त गर्नुभयो ।

उहाँले भन्नुभयो, "भोटेकोशी बाढीले जीवन, सम्पत्ति मात्र नभई हजारौं परिवारको सपना, संस्कृति तथा प्राकृतिक सम्पदालाई प्रभावित बनाएको छ । पूर्वाधार पुनःनिर्माण सम्भव भए पनि प्रभावितको विश्वास पुनःस्थापित गर्न दशकौं लाग्न सक्छ ।" उहाँले यस विपत्तिले जलवायु परिवर्तनमा नगन्य योगदान हुँदाहुँदै पनि नेपाल अत्यन्त प्रभावित मुलुक भएको तथ्यलाई पुनः पुष्टि गरेको उल्लेख गर्नुभयो ।



उपराष्ट्रपति यादवले नेपाल-चीन सम्बन्ध शान्तिपूर्ण सहअस्तित्वका पाँच सिद्धान्त, परम्परागत मित्रता तथा आपसी सम्मानमा आधारित रहेको स्मरण गर्दै नेपाल 'एक चीन सिद्धान्त'प्रति प्रतिबद्ध रहेको स्पष्ट गर्नुभयो । उहाँले आकस्मिक विपत्तिपछि चीनबाट पाँच चरणमा प्राप्त मानवीय राहत सहयोग, नौ सदस्यीय सुरुङ उद्धार टोली तथा मृतकको पहिचानका लागि सहयोग पुऱ्याइरहेका १५ जना फरेन्सिक विशेषज्ञप्रति आभार व्यक्त गर्नुभयो ।

चीन सरकारद्वारा उपलब्ध गराइएको २० लाख अमेरिकी डलर बराबरको सहयोग तथा चिनियाँ रेडक्रस सोसाइटीमार्फत प्रधानमन्त्री राहत कोषमा प्रदान गरिएको थप दुई लाख अमेरिकी डलर सहयोगका लागि उपराष्ट्रपति यादवले धन्यवाद व्यक्त गर्नुभयो । उहाँले हिमनदी, जलविज्ञान तथा मौसमसम्बन्धी वास्तविक समयको तथ्याङ्क उपलब्ध गराएकामा चीन सरकारप्रति आभार व्यक्त गर्दै यस किसिमको आदान-प्रदान भविष्यमा पनि निरन्तर रहने विश्वास व्यक्त गर्नुभयो ।

चीनका राजदूत माओमिङले बाढीपहिरोले गरेको क्षतिप्रति दुःख प्रकट गर्दै प्राकृतिक विपत्ति नेपाल र चीनको साझा विषय भएको बताउनुभयो । "नेपाललाई यस सङ्कटको घडीमा चीनले आर्थिक, स्वास्थ्य र मानवीय सहयोग गरेको छ", उहाँले भन्नुभयो, "भौतिक पूर्वाधार पुनःनिर्माणमा चीनको सहयोग र समर्थन रहनेछ । नेपालबाट सूची प्राप्त भएबमोजिम सहयोग गर्न चीन तयार छ ।"

राजदूत माओमिङले बाढीपहिरोबाट प्रभावित क्षेत्रका विद्यार्थीका लागि रु एक करोड ३० लाख बराबरको छात्रवृत्ति प्रदान गर्ने घोषणा चीन सरकारले गरिसकेको पनि जानकारी दिनुभयो । रासस

# भेनेजुएलाका अन्तरिम नेता संयुक्त राष्ट्रसङ्घीय महासभामा सहभागी हुन अमेरिकामा

एएफपी । भेनेजुएलाका अन्तरिम नेता डेल्सी रोड्रिगेज संयुक्त राष्ट्रसङ्घीय महासभाका लागि संयुक्त राज्य अमेरिकाको न्यूयोर्कमा पुग्नुभएको सोमबार सामाजिक सञ्जालमा पोस्ट गरी जानकारी गराउनुभएको छ।

रोड्रिगेजको उपस्थिति पूर्व राष्ट्रपति निकोलस मादुरोको सन् २०१८ को सम्बोधनपछि भेनेजुएलाका राष्ट्रप्रमुखको रूपमा पहिलो सहभागिता हो ।

मादुरो जनवरीमा अमेरिकी



सैन्य छापामा पक्राउ पर्नुभएको थियो र हाल न्यूयोर्कको सङ्घीय जेलमा रहनुभएको छ । उहाँविरूद्ध लागूऔषध तस्करी र अन्य आरोपहरूमा मुद्दाको सुनुवाईको प्रतीक्षा भइरहेको छ।

"हामी अमेरिकी राष्ट्रहरू एकतासहित अघि बढ्ने विश्वास गर्ने जनताको दृढ आकाङ्क्षा र आशासहित न्यूयोर्क आइपुगेका छौं," रोड्रिगेजले एक्समा गरेको पोस्टमा लेख्नुभएको छ ।

"संयुक्त राष्ट्रसङ्घको ८१ औं महासभामा भेनेजुएला सम्मान, सहयोग र समझदारीमा आधारित काय गर्र्ने एजेन्डासहित आफ्नो आवाज सुनाउन र आफ्ना सिद्धान्तहरूको रक्षा गर्न उपस्थित हुनेछ," उहाँले यसअघि गरेको फोष्टमा उल्लेख छ ।

रोड्रिगेज मादुरोको सहयोगीका रूपमा भेनेजुएलाकी उपराष्ट्रपति रहनुभएको थियो तर अहिले उहाँ अमेरिकी राष्ट्रपति ट्रम्पका मागहरूमा सहयोग गरेको देख्न सकिन्छ।योमादुरोलाईनियन्त्रणमा लिएपछि भेनेजुयालाले भोगेको व्यापक दावावको परिणाम पनि हुन सक्छ । अमेरिकी दवावमा नै विश्वको सबैभन्दा ठूलो र भेनेजुएलाको विशाल तेल भण्डार मा अमेरिकी पहुँच दिनु पनि रहेको छ।

हालैको सम्झौताअन्तर्गत, दुई देशले संयुक्त राज्य अमेरिकालाई भेनेजुएलाका भण्डारको करिब पाँच भागको एक भाग नियन्त्रण दिइने घोषणा गरेका छन् ।

# चीनः भ्रष्टाचारको आरोप लागेका जनरल पार्टीबाट निष्कासन



एएफपी । चीनले सोमबार दुई उच्च पदस्थ सैन्य अधिकारीहरूलाई सत्तारुढ कम्युनिस्ट पार्टीबाट निष्कासन गरेको चिनियाँ सञ्चारमाध्यमहरूले जनाएका छन् ।

यो कारबाही आरोपित जनरललाई 'गम्भीर कानुनी उल्लङ्घन' को लागि अनुसन्धान भइरहेको घोषणा भएको केही महिनापछि भएको हो।

चिनियाँ कम्युनिष्ट पार्टी केन्द्रीय सैन्य आयोग (सीएमसी) का दुई उपाध्यक्षहरू मध्ये वरिष्ठ झाङ योउजियाले आफुलाई चीनको सर्वोच्च श्रेणीको जनरल बनाएर पदीय मर्यादा विपरित काम गरेको आरोप लागेको थियो ।

रक्षा मन्त्रालयले जनवरीमा झाङ र दोस्रो अधिकारी लिउ झेनलिलाई 'अनुशासन र कानुनको गम्भीर उल्लङ्घनको आशङ्का" रहेको बताएको थियो । चीनमा भ्रष्टाचारमा संलग्नमाथि प्रयोग गरिने यो प्रचलित शब्दावली हो ।

यो घोषणा राष्ट्रपति सी जिनपिङको सत्ताकाललाई परिभाषित गर्ने व्यापक भ्रष्टाचार विरोधी अभियानसँग मेल खान्छ । झाङलाई पदबाट निष्कासन गर्ने निर्णयले विशेष गरी पर्यवेक्षकहरूलाई चकित पारेको छ किनकि उहाँको वरिष्ठता र चीनका नेतासँग नजिकको सम्बन्ध रहेको चर्चा हुने गरेको थियो ।

सिन्ह्वा न्यूज एजेन्सीले उनीहरूका मुद्दाहरूको विवरण पहिलो पटक सार्वजनिक गर्दै लेखेको छ, "यसमा 'अत्यन्त धेरै रकम' को संलग्नता थियो ।"

सोमबार बेइजिङमा भेट भएका शीर्ष अधिकारीहरूले दुईजनालाई कम्युनिस्ट पार्टीबाट 'निष्कासन गर्ने' र उनीहरूका मुद्दाहरू सैन्य कानुनी अङ्गहरूमा 'समीक्षा र अभियोजनका लागि' हस्तान्तरण गर्ने निर्णय गरेको सिन्ह्वाले उल्लेख गरेको छ।

अनुसन्धानले झाङ र लिउ 'पार्टीप्रति अविश्वासी बनेका र सीमा रेखाहरू पार गरेका' पाइएको पत्ता लागेको बताएको थियो ।

"उनीहरूले गुट गठन गर्ने र व्यक्तिगत लाभका लागि ठूलो रकम स्वीकार गर्ने लगायतका अपराधहरू गरेका थिए," समाचारमा उल्लेख छ।

दुईजनाले ' जागिरको पदोन्नतिजस्ता विषयहरूमा अरूलाई मद्दत गर्न आफ्नो पदको दुरुपयोग' पनि गरेको सिन्ह्वाले अनुसन्धानलाई उद्धृत गर्दै रिपोर्ट गरेको छ।

उनीहरूको निष्कासन पार्टीको केन्द्रीय समितिको पूर्ण बैठकमा अनुमोदनको अधीनमा छ ।

सोमबारको निर्णयले 'सेनाभित्र भ्रष्ट तत्वहरूलाई लुक्ने ठाउँ बिल्कुल छैन भन्ने दृढ अडानलाई पुनःपुष्टि गर्छ" सिन्ह्वाले लेखेको छ।

चीनको केन्द्रीय सैन्य आयोगले झाङ र लिउलाई अधिकांश जिम्मेवारीबाट हटाइएको बताएको थियो ।

# एसियाली खेलकुदः उसुकी सुस्मिता तेह्रौँ स्थानमा



काठमाण्डु । उसु महिला खेलको चाङछ्वान विधामा नेपालकी सुस्मिता तामाङले तेह्रौं स्थान हासिल गरेकी छन् ।

जापानको आइची-नागोयामा जारी बीसौं एसियाली खेलकुद प्रतियोगिताअन्तर्गत जापानको आइची प्रिफेक्चुरल मार्सल आर्ट्स हलमा सम्पन्न खेलमा उहाँले सो उपाधि हासिल गरेकी हुन्।

सुस्मिताले ९.५८० अङ्क प्राप्त गर्दै तेह्रौं स्थानमा उपाधि हासिल गरेको नेपाल उसु महासङ्घले जनाएको छ।

यस विधामा हङकङकी लिडिया हुई यु शामले ९.७१३ अङ्कसहित स्वर्ण जितेकी छन् । त्यसैगरी मकाउकी, चो मानले ९.७१० अङ्क प्राप्त गर्दै रजत पदक हात पारिन भने इन्डोनेसियाकी युजेनिया दिवा विडोडो ९.७०६ अङ्कसहित कास्य पदक जितिन । रासस

# एसियाडः पुरुष कबड्डीमा नेपाल पराजित



काठमाण्डु । जापानमा जारी बीसौं एसियाली खेलकुद (एसियाड) प्रतियोगिताअन्तर्गत पुरुष कबड्डी खेलमा नेपाल थाइल्यान्डसँग पराजित भएको छ।

जापानको नायोगास्थित तोकाइ सिटिजन जिम्न्याजियममा सोमबार भएको पहिलो खेलमा नेपाल थाइल्यान्डसँग पराजित भएको हो । दुवै हाफमा पछि परेको नेपाल ५९-४८ अङ्कले पराजित भयो।

पहिलो हाफमा नेपालले थाइल्यान्डलाई कडा चुनौती दिएको थियो । तर, पहिलो हाफ सकिँदा थाइल्यान्डसँग नेपाल २८-२४ ले पछि पऱ्यो । दोस्रो हाफमा नेपालले पुनरागमन गर्ने आशा गरे पनि सफल भएन ।

दोस्रो हाफमा पनि थाइल्यान्डको आक्रामक शैलीलाई रोक्न नेपाल असफल रह्यो। दोस्रो हाफमा थाइल्यान्डले ३१ अङ्क जोड्दा नेपालले २४ अङ्क बनाउन सक्यो । समूह 'बी' रहेको थाइल्यान्डले ११ अङ्कको जित निकाल्यो ।

भारतमा व्यावसायिक लिग खेलेका घनश्याम रोक्कामगरको कप्तानीमा नेपालले जित निकाल्न असफल भयो। समूह बी अन्तर्गत नेपालले भोलि पाकिस्तानसँग खेल्नेछ। रासस

# यमन युद्धमा साउदीलाई साथ नदिन हुथी नेताको चेतावनी



एएफपी । इरान समर्थित हुथी विद्रोही समूहका एक वरिष्ठ नेताले यमनमा पुनः चर्किएको गृहयुद्धमा साउदी अरेबियाको पक्षमा सहभागी नहुन विभिन्न देशलाई चेतावनी दिएका छन् ।

हुथी समूहको राजनीतिक ब्युरोका सदस्य मोहम्मद अल-बुखाइतीले आइतबार द एसोसिएटेड प्रेस (एपी) सँगको अन्तर्वार्तामा यस्तो धारणा व्यक्त गर्नुभएको हो । उहाँका अनुसार यमनको पश्चिमी तटीय क्षेत्रमा हुथी समूहको गतिविधि बढ्दै बाब अल-मन्देब जलडमरूमध्यसम्म पुगेपछि अमेरिकाले हुथी समूहसँग सम्पर्क गरेको थियो ।

अल-बुखाइतीले अमेरिकी पक्षसँग भएको सम्पर्कका क्रममा हुथी समूहले लाल सागरमा अमेरिकी पानीजहाजलाई लक्षित नगर्ने स्पष्ट पारेको बताउनुभयो । उहाँका अनुसार समूहले उक्त क्षेत्रमा अमेरिका वा अन्य कुनै राष्ट्रका पानीजहाजलाई लक्षित नगर्ने नीति रहेको जनाएको छ। यद्यपि, उहाँले साउदी अरेबियालाई भने यसबाट अलग राख्नुभएको छ।

"हामीले जलडमरूमध्यमा अमेरिका वा अन्य कुनै राष्ट्रलाई लक्षित नगर्ने कुरा स्पष्ट गरेका छौं । साउदी अरेबिया भने यसको अपवाद हो," उहाँले एपीसँगको अन्तर्वार्तामा भन्नुभएको छ।

यमनमा बढ्दो तनाव

यमनमा लामो समयदेखि जारी राजनीतिक तथा सैन्य द्वन्द्व पछिल्लो समय पुनः तीव्र बन्दै गएको छ। हुथी समूहले यमनका विभिन्न क्षेत्रमा आफ्नो प्रभाव कायम राखेको छ भने साउदी अरेबियाले यमनको अन्तर्राष्ट्रिय रूपमा मान्यता प्राप्त सरकारसँग सम्बन्धित पक्षलाई समर्थन गर्दै आएको छ।

पछिल्लो घटनाक्रमले लाल सागर र बाब अल-मन्देब जलडमरूमध्यको सुरक्षाप्रति पनि चासो बढाएको छ । विश्व व्यापारका लागि महत्वपूर्ण समुद्री मार्गका रूपमा रहेको यस क्षेत्रमा उत्पन्न हुने तनावले अन्तर्राष्ट्रिय जल यातायात तथा क्षेत्रीय सुरक्षामा असर पार्न सक्ने चिन्ता व्यक्त हुँदै आएको छ।

हुथी समूहका नेताको पछिल्लो भनाइले यमनको द्वन्द्वमा क्षेत्रीय तथा अन्तर्राष्ट्रिय पक्षहरूको भूमिकाबारे थप बहस सिर्जना गरेको छ। यद्यपि, द्वन्द्वसँग सम्बन्धित पक्षहरूबाट आउने दाबीहरू फरक हुन सक्ने भएकाले घटनाक्रमको मूल्याङ्कन गर्दा स्वतन्त्र तथा आधिकारिक स्रोतबाट प्राप्त विवरणलाई समेत ध्यान दिन आवश्यक हुन्छ।

# हारपछि जर्मननेता मर्जमाथि दबाब बढ्दो

एएफपी । जर्मन चान्सलर फ्रेडरिक मार्टिन जोसेफ मर्ज (फ्रेडरिक मर्ज) ले सोमबार अति-दक्षिण र अति-वामपन्थी दलहरूसँगको क्षेत्रीय चुनाव हारपछि बढ्दो दबाबमा परेको बताउन थालिएको छ। एएफडीले उहाँलाई केही महिनाभित्रै सत्ताबाट बाहिरिने भविष्यवाणीसमेत आप्रवासन विरोधी 'अल्टरनेटिभ फर जर्मनी (एएफडी)' ले गरेको छ।

एएफडी आइतबार सम्पन्न निर्वाचनमा उत्तरपूर्वी राज्य मेक्लेनबर्ग-वेस्टर्न पोमेरानियामा पहिलो स्थानमा देखिएको छ। मर्जको सीडीयू पार्टीले निर्वाचनमा ४.९ प्रतिशत सीटमात्र प्राप्त गरेको छ। यो कुनै पनि दललाई संसद्मा राष्ट्रिय मान्यताप्राप्त दल रहनका लागि चाहिने सीमाभन्दा निकै तल हो र सन् १९४५ मा पार्टी गठन भएयताको सबैभन्दा खराब नतिजा हो।

बर्लिनमा वामपन्थी डाइ लिङ्के पहिलो स्थानमा आएको छ भने सीडीयूलाई दोस्रो स्थानमा देखिएको छ । डाइ लिङ्केको उम्मेदवार अब जर्मनीको राजधानीको मेयर बन्ने बाटोमा छ, जहाँ एएफडीले पनि बलियो प्रगति गरेको छ।

यी असफलताहरू मर्जको भविष्यबारे अड्कलबाजी चरम विन्दुमा पुगेको बेला आएका हुन् । एएफडी महिनौँदेखि राष्ट्रिय सर्वेक्षणहरूमा मुख्यधारका दलहरूभन्दा अगाडि छ। एएफडीले सेप्टेम्बर ६ मा स्याक्सोनी-एन्हाल्ट राज्यको चुनावमा अहिलेसम्मकै सबैभन्दा ठूलो चुनावी विजय हासिल गरेको थियो ।

मेक्लेनबर्ग-वेस्टर्न पोमेरानियामा एएफडीका शीर्ष उम्मेदवार लिफ-एरिक होल्मले सोमबार भन्नुभयो,"करिब १६ महिना मात्र पदमा रहेका र अत्यन्त अलोकप्रिय मर्ज आफ्नो पदमा धेरै लामो समय टिक्ने विश्वास उहाँलाई छैन।"

आफ्नो सीडीयू/सीएसयू गुटले उहाँलाई हटाउने प्रयास गर्न सक्ने अड्कलबाजीसँग जुध्दै ७० वर्षीय मर्जले आइतबार पहिलो एक्जिट पोल घोषणा भएको केही मिनेटमै टिभीमा राष्ट्रलाई सम्बोधन गर्ने असामान्य कदम चाल्नुभएको छ।

मर्जले मेक्लेनबर्ग-वेस्टर्न पोमेरानियामा आफ्नो सीडीयूले ' अनपेक्षित' हार बेहोरेको स्वीकार गर्नुभयो तर 'दृढता र धैर्य' का साथ सुधारहरू अगाडि बढाउने र शासन गर्ने वाचा गर्नुभयो।

त्यहाँ एएफडीको जित भए पनि, मध्यवाम एसपीडी पार्टी वामपन्थी सहयोगीहरूसँग गठबन्धन बनाएर राज्यमा शासन जारी राख्ने देखिन्छ।

विश्लेषकहरूले मर्जको अप्रत्याशित सम्बोधनका लागि उपस्थितिलाई आलोचनाको अर्को आँधी आउनुअघि फाइदा लिने प्रयासका रूपमा हेरेका छन्

"उहाँको अत्यन्त छिटो कदमले मर्ज कथा परिभाषित गर्ने तयारी गरिरहेको हुनसक्ने देखाउँछ," ।

# एसियाडमा सहभागी हुने जुडो खेलाडीलाई बिदाइ



काठमाण्डु । जुडो खेलाडी उत्पादन गर्दै आएको बन्दी सहायता नियोग (पाम)ले २०औं एसियाली खेलकुदमा सहभागी हुने आफ्ना खेलाडीसहित जुडो टोलीलाई सफलताको शुभकामना दिंदै बिदाइ गरेको छ।

जापानको आइची/नागोयामा यही असोज ३ गतेदेखि सुरु भएको एसियाडमा जुडोबाट समान तीन-तीन पुरुष र महिला खेलाडीले नेपालको तर्फबाट चुनौती पेस गर्नेछन् । जुडो भने असोज १४ गतेदेखि सुरु हुनेछ। टोली असोज १० गते जापान जाने तालिका छ।

पुरुषतर्फ ६० किलोमुनि विकास विक, ६६ किलोमुनि विशेष विक र ९० किलोमुनि सुजन गुरुङले प्रतिस्पर्धा गर्नेछन्। महिलातर्फ ५२ किलोमुनि देवकीमाया श्रेष्ठ, ४८ किलोमुनि निशा श्रेष्ठ र ७० किलोमुनि पुनम श्रेष्ठ सहभागी हुनेछन् ।

देवकी र विकासको यो दोस्रो एसियाड सहभागिता हो । बाँकीले पहिलोपटक एसियाड खेल्न लागेका पामले जनाएको छ। देवकी र निशा दिदीबहिनी तथा विकास र विशेष दाजुभाइ हुन् । प्रशिक्षकमा सुनिता मगर ताम्राकार छिन्। एसियाडमा सहभागी हुन सूचना प्रविधि विशेषज्ञ सुप्रसिद्ध ताम्राकार पनि जापान जानेछन् ।

पामबाट सफल जुडो खेलाडी उत्पादनमा गर्नमा पामकै कार्यकारी निर्देशक रहेका प्रमुख प्रशिक्षक सूर्यनारायण श्रेष्ठको महत्वपूर्ण योगदान छ । सूर्यनारायणले पनि सन् १९९० मा चीनको बेइजिङमा भएको एसियाडमा प्रतिस्पर्धा गरेका थिए।

टोलीलाई पामका कार्यवाहक अध्यक्ष कृष्णबहादुर श्रेष्ठ, ओलम्पियन ऋषिराम प्रधान र देबु थापा, जुडोका प्रमुख प्रशिक्षक वीरेन्द्र रन्जितलगायतले बिदाइ गरेका हुन्। रासस

# अमेरिकाले पुनः आक्रमण गरे नयाँ लक्ष्यहरूमा प्रहार गर्ने इरानको चेतावनी



एएफपी। इरानको रिभोलुसनरी गाड्र्सले यदि अमेरिकाले आफ्नो देशमाथि थप आक्रमण गरेमा उनीहरूले नयाँ लक्ष्यहरूमा प्रहार गर्ने तथा नयाँ हतियारहरू तैनाथ गर्ने चेतावनी सोमबार दिएको छ।

युद्ध सुरु भएको झन्डै सात महिना बितिसक्दा पनि तेहरान र वासिङ्टनबीच गतिरोध कायमै छ, यद्यपि कुनै पनि पक्ष पूर्ण-स्तरको युद्धमा फर्कन भने इच्छुक देखिँदैनन् ।

इरानी सेनाको वैचारिक अङ्ग मानिने इस्लामिक रिभोलुसनरी गाड्र्स कोर्प्स का प्रवक्ताले एक विज्ञप्ति जारी गर्दै बताउनुभयो, "अमेरिकाबाट नयाँ आक्रमण भएमा हाम्रो प्रतिरक्षा र जवाफी कारबाहीमा पक्कै पनि महत्त्वपूर्ण परिवर्तनहरू हुनेछन् ।" हामी युद्धभूमिमा नयाँ क्षमता भएका थप हतियारहरू भित्राउनेछौं र यसले विश्वलाई चकित पार्नेछ उहाँले थप्नुभयो ।

आफ्ना लक्ष्यहरू पनि पहिले जस्तै नहुने बताउँदै आफुसँग अहिले सम्म आक्रमण नगरिएका नयाँ लक्ष्यहरू रहेको बताउँदै गाड्र्सले आफूहरू दीर्घकालीन युद्ध का लागिसमेत तयार रहेको पनि बताउनुभयो । सरकारी टेलिभिजनका अनुसार, शनिबार इरानी सेनाको केन्द्रीय कमाण्डले अमेरिकाले तेहरानविरुद्ध नयाँ कारबाहीको योजना बनाइरहेको बताएको थियो, तर यसको विस्तृत विवरण भने दिइएको थिएन ।

गत महिनाको अन्त्यमा तनाव बढेपछि हालका दिनहरूमा अमेरिका र इरानबीचको लडाइँ केही मत्थर भएको छ, यद्यपि तेहरानले होर्मुज जलमार्गमा व्यावसायिक जहाजहरूमाथि छिटपुट आक्रमणहरू जारी राखेको छ।

दुवै पक्षले दबाब सिर्जना गर्ने प्रयासमा उक्त जलमार्गमा एक-अर्का विरुद्ध नाकाबन्दी कायम राखेका छन् ।

हाल युद्ध यमनसम्म फैलिएको छ; त्यहाँ इरान-समर्थित हुथी विद्रोहीहरूले साउदी-समर्थित सरकारबाट थप भूभाग आफ्नो नियन्त्रणमा लिएका छन् भने राजधानी रियाद लगायत साउदीका विभिन्न लक्ष्यहरूमा आक्रमणहरू गरिरहेका छन् ।

# एसियाडः बक्सिङमा नेपालका दानबहादुर दर्लामी पराजित



काठमाण्डु । जापानको नायोगामा जारी २०औं एसियाली खेलकुद प्रतियोगिताअन्तर्गत बक्सिङमा नेपालका दानबहादुर दर्लामी पराजित भएका छन् ।

जापानको निशियो जिम्न्यासियममा सोमबार सम्पन्न पुरुष ७० केजी तौल समूहको पहिलो चरणमा इराकका अलि कासिम हामदानअल-सारेसँग दानबाहदुरले ५-० अङ्कले पराजित भएका हुन्।

उहाँसँगै नेपालबाट बक्सिङमा सात खेलाडीले भाग लिएका हुन् । चन्द्रबहादुर थापा, खगेन्द्र रोक्का मगर, रबिन नेपाल, रमिसा श्रेष्ठ, अस्मिता तामाङ र कुसुम तामाङले अझै खेल खेल्न बाँकी छ। रासस

# नवलपुरका कृषकलाई करिब पाँच करोड अनुदान वितरण गरिँदै



नवलपुर । कृषि विकास कार्यालय नवलपरासी (बर्दघाट-सुस्तापूर्व) ले करिब रु पाँच करोड अनुदान वितरण गर्नेगरी कृषकसमक्ष प्रस्ताव पेस गर्न आह्वान गरेको छ।

कार्यालयले विभिन्न १० शीर्षकमा जिल्लाका कृषकलाई अनुदान वितरण गर्ने तयारी गरेको कार्यालयले जनाएको छ। कार्यालय प्रमुख वरिष्ठ कृषि विकास अधिकृत राजेश्वर सिलवालका अनुसार आर्थिक वर्ष २०८३/ ८४ को स्वीकृत वार्षिक कार्यक्रमअनुसार रु चार करोड ७७ लाख ५० हजार बराबरको अनुदान वितरण गर्न लागिएको हो।

वितरण गर्ने अनुदानका लागि जिल्लाभित्रका कृषक, कृषि फर्म, कृषि कम्पनी, कृषक समूह तथा कृषि सहकारी संस्थाले असोज १३ गतेसम्म प्रस्ताव पेस गर्न सक्ने उहाँले बताउनुभयो। कार्यालयले ९५ हेक्टर क्षेत्रफलमा समुदायस्तरमा प्रशोधनयोग्य/खायन आलु उत्पादन प्रवर्द्धन कार्यक्रमका लागि रु एक करोड २३ लाख ५० हजार अनुदान वितरण गर्ने उहाँले जानकारी दिनुभयो।

फलफूल बगैँचा सुदृढीकरण तथा क्षेत्रफल विस्तार कार्यक्रमका लागि कार्यालयले रु ३५ लाख बजेट विनियोजन गरेको छ।

जिल्लाको ५० हेक्टर क्षेत्रफलमा खाद्यान्न बाली उत्पादन प्रवर्द्धन कार्यक्रमका लागि रु ५० लाख, १४० हेक्टर क्षेत्रफलमा चैते धान उत्पादन प्रवर्द्धनका लागि रु एक करोड ४० लाख, तेलहन तथा दलहन बाली प्रवर्द्धन कार्यक्रमका लागि रु ५० लाख, ६ हेक्टर क्षेत्रफलमा आत्मनिर्भरताको लागि बीउ उत्पादन प्रवर्द्धन कार्यक्रमका लागि रु नौ लाख, लोकमार्ग तथा करिडोर केन्द्रित कृषि उत्पादन एवम् प्रवर्द्धन कार्यक्रमका लागि रु २० लाख विनियोजन गरिएको कार्यालय प्रमुख सिलवालले बताउनुभयो।

रैथाने तथा स्थानीय बाली विकास कार्यक्रमका लागि रु १५ लाख, निर्यातजन्य कृषि वस्तु प्रवर्द्धन कार्यक्रमका लागि रु २० लाख, प्राङ्गारिक कृषि प्रवर्द्धन (सङ्घीय सशर्त) कार्यक्रमका लागि रु १५ लाख अनुदान दिइने गरी प्रस्ताव आह्वान गरिएको उहाँले बताउनुभयो।

कार्यालयले प्राङ्गारिक कृषि प्रवर्द्धन (सङ्घीय सशर्त) कार्यक्रमका लागि ५० देखि ८५ प्रतिशत अनुदान तथा आत्मनिर्भरताको लागि बीउ उत्पादन प्रवर्द्धन कार्यक्रमका लागि ५० देखि ७५ प्रतिशत अनुदान वितरण गर्ने उल्लेख गर्दै अन्य आठ वटा शीर्षकमा कार्यालयले ५० देखि ९० प्रतिशतसम्म अनुदान वितरण गर्ने कार्यालय प्रमुख सिलवालले जानकारी दिनुभयो।

कार्यालयले अनुदान वितरणका लागि मापदण्ड र कार्यविधि तयार पारेको भन्दै सोही परिधिभित्र रहेर अनुदान वितरण गरिने सिलवालले बताउनुभयो। अनुदानका लागि प्रस्ताव पेस गर्दा तोकिएको ढाँचामा प्रस्ताव फारम भर्नुपर्ने, कृषि फर्म, कम्पनी, कृषक समूह वा कषि सहकारी संस्थाको हकमा दर्ता प्रमाणपत्र तथा पानको प्रतिलिपि एवम् नवीकरण प्रमाणपत्रको प्रतिलिपि र अघिल्लो आर्थिक वर्षको कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि पेस गर्नुपर्नेछ। रासस

# कृषिको उत्पादनसँगै बजारीकरणमा जोड दिँदै काभ्रे

काभे । काभ्रेपलाञ्चोकमा कृषि उत्पादन वृद्धि, आधुनिक प्रविधिको प्रयोग, सिँचाइ विस्तार, व्यावसायिक खेती तथा उत्पादित कृषि उपजको बजारीकरणमा जोड दिइएको छ।

कृषि विकास कार्यालय, काभ्रेपलाञ्चोकले आर्थिक वर्ष २०८२/८३ को वार्षिक प्रगति समीक्षा तथा चालु आर्थिक वर्ष २०८३/८४ को कार्यक्रम सार्वजनिक गर्दै उत्पादनसँगै प्रविधि, बजार, पूर्वाधार र कृषकको आम्दानी वृद्धिलाई प्राथमिकतामा राखिएको हो।



आर्थिक वर्ष २०८२/८३ मा जिल्लामा वर्षे धान १० हजार २१० हेक्टरमा ३९ हजार ५१३ मेट्रिक टन, चैते धान ८५५ हेक्टरमा तीन हजार ८५० मेट्रिक टन, मकै २६ हजार १२० हेक्टरमा ९४ हजार १२० मेट्रिक टन र गहुँ आठ हजार २५० हेक्टरमा २३ हजार ९२५ मेट्रिक टन उत्पादन भएको छ।

त्यसैगरी, आलु १० हजार १०० हेक्टरमा दुई लाख नौ हजार ७० मेट्रिक टन, तरकारी ११ हजार ३२५ हेक्टरमा एक लाख ९३ हजार ६५८ मेट्रिक टन, सुन्तला एक हजार २६४ हेक्टरमा सात हजार ६८० मेट्रिक टन, कागती ६२२ हेक्टरमा चार हजार ९१४ मेट्रिक टन, किवी ८५ हेक्टरमा ५२७ मेट्रिक टन र कफी २८५ हेक्टरमा ६२ मेट्रिक टन उत्पादन भएको कार्यालयले जनाएको छ।

जिल्लामा विभिन्न खाद्यान्न बालीको कुल उत्पादन एक लाख ५८ हजार ५९१ मेट्रिक टन रहेकामा प्रशोधन तथा अन्य प्रयोजनपछि खुद उपभोग्य खाद्यान्न ६२ हजार ३२० मेट्रिक टन रहेको छ।

जिल्लाको वार्षिक आवश्यकता ७२ हजार ५९१ मेट्रिक टन रहेकाले १० हजार २७० दशमलव २७ मेट्रिक टन अपुग देखिएको छ। बीउ उत्पादनमा समेत आवश्यकता र उत्पादनबीच ठूलो अन्तर देखिएको कार्यालयले जनाएको छ। धानको आवश्यक बीउ ४७४ दशमलव ६ मेट्रिक टन रहेकामा उत्पादन ६६ मेट्रिक टन, गहुँको आवश्यकता ८२२ दशमलव आठ मेट्रिक टन रहेकामा उत्पादन चार मेट्रिक टन र मकैको आवश्यकता ५०६ दशमलव ७६ मेट्रिक टन रहेकामा उत्पादन १७ मेट्रिक टन छ।

स्थानीय उत्पादनको बजारीकरणका लागि बनेपा र धुलिखेलमा साप्ताहिक हाटबजार सञ्चालन तथा महाभारत, खानीखोला र भुम्लुमा कफीका नर्सरी तथा नमूना बगैँचा स्थापना गरिएको छ।

पाँचखाल, बनेपा, पनौती र बेथानचोकमा संरक्षित संरचनामा तरकारी खेती विस्तार गरिएको कार्यालयले जनाएको छ।

चालु आर्थिक वर्ष २०८३/८४ का लागि कार्यालयले रु पाँच करोड ५५ लाख ८६ हजारको कुल बजेट प्राप्त गरेको छ। जसमध्ये कार्यक्रमतर्फ रु तीन करोड ७५ लाख ६९ हजार विनियोजन गरिएको छ।

साना सिँचाइका २२ आयोजनाका लागि रु ५६ लाख, कफी प्रवर्द्धन तथा क्षेत्र विस्तारका लागि रु २० लाख, व्यावसायिक तरकारी खेतीका लागि रु ४० लाख, ३५ वटा जीविकोपार्जन कार्यक्रमका लागि रु ३५ लाख र पाँच वटा समुदायमा आधारित 'एक वडा एक कृषि उत्पादन' कार्यक्रमका लागि रु एक करोड विनियोजन गरिएको छ।

कार्यक्रमअन्तर्गत उन्नत बीउ तथा बिरुवा, सुरक्षित विषादी, नर्सरी, प्लास्टिक घर, ग्रिन हाउस तथा सेमी हाइटेक संरचना, सिँचाइ, कृषि यान्त्रिकीकरण, सङ्कलन केन्द्र, भण्डारण तथा प्रशोधन, बजारीकरण, माटो परीक्षण, कृषक तालिम तथा बाली बीमालगायतका गतिविधिमा सहयोग गर्ने योजना छ।

कार्यालयले धानमा 'ड्राइ प्यानिकल', सुन्तला जात फलफूलमा फल झर्ने, मकैमा दाना नलाग्ने तथा गोलभैँडामा फ्युजारियम विल्ट, पिथ नेक्रोसिस र टोमेटो ब्राउन रुगोज फ्रुट भाइरसजस्ता समस्या पहिचान गरी व्यवस्थापनका लागि समन्वय गरिएको जनाएको छ।

केरामा भाइरस तथा कफीमा ह्वाइट बोरर र कफी रस्टको समस्या पहिचान भएको कार्यालयले जनाएको छ।

'एक वडा एक कृषि उत्पादन' कार्यक्रम कार्यान्वयनमा लागत साझेदारी, स्थानीय तहको भूमिका र प्राविधिक उपयुक्ताबारे स्पष्टता आवश्यक रहेको कार्यालयले जनाएको छ।

जिल्ला समन्वय समिति काभ्रेका प्रमुख दीपककुमार गौतमले कृषि क्षेत्रका कार्यक्रम उत्पादन बढाउने मात्र नभई नागरिकको जीवनस्तरमा प्रत्यक्ष सुधार ल्याउने गरी कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभएको छ।

कृषि विकास कार्यालय काभ्रेका प्रमुख कुलप्रसाद दवाडीले कृषि उत्पादनलाई आधुनिक प्रविधि, बजार र कृषकको आम्दानीसँग जोडेर अघि बढाउनुपर्ने बताए। उत्पादन बढे पनि उचित बजार, भण्डारण, प्रशोधन तथा मूल्य प्राप्ति सुनिश्चित नभए कृषकले अपेक्षित लाभ लिन नसक्ने भएकाले उत्पादनदेखि बजारीकरणसम्मको मूल्य शृङ्खलामा ध्यान दिनुपर्ने दवाडीको भनाइ छ।

कार्यक्रम सार्वजनिक तथा प्रगति समीक्षा कार्यक्रममा स्थानीय तहका जनप्रतिनिधि, सरकारी तथा गैरसरकारी संस्थाका प्रतिनिधि, कृषि क्षेत्रका सरोकारवाला तथा कृषकको सहभागितो थियो। रासस

# 'स्वदेशमै स्रोत र सीपलाई सदुपयोग गर्न सके यही काम गर्न र कमाउन सकिन्छ'

तेह्रथुम । रोजगारीको खोजीमा गाउँका युवा बर्सेनि विदेशिन थालेपछि ग्रामीण बस्ती रित्तिँदै गएका छन् । बेरोजगारीलाई राष्ट्रिय समस्याका रूपमा लिइरहँदा म्याङलुङ नगरपालिका-४ डाँडाखर्ककी तुलसा खनाल बुढाथोकीले भने आफ्नै गाउँको माटोमा पसिना र सीप खर्चिएर वार्षिक रु १५ लाखसम्म आम्दानी गर्दै आउनुभएको छ।

करिब २० रोपनी क्षेत्रफलमा ५० वटा टनेल निर्माण गरी उहाँले व्यावसायिक सागसब्जी खेती गर्दै आउनुभएको छ। टमाटर, भन्टा, अकबरे खुर्सानी, काक्रो, बोडी र विभिन्न जातका सागसब्जी उत्पादन गर्दै आउनुभएकी तुलसालाई बिहान ४:०० बजेदेखि साँझसम्म खेतीको कामले फुर्सद हुँदैन।

"आफ्नै माटोमा मेहनत गर्न सक्यो भने पैसा पनि यहीँ फल्दोरहेछ", बुढाथोकी भन्नुहुन्छ, "ढङ्ग पुऱ्याएर मेहनत गर्ने हो भने सरकारी जागिरभन्दा तरकारी खेती निकै जाती।"

उहाँको परिवारका अन्य सदस्य पनि खाली हुनुहुन्न। श्रीमान् सरकारी सेवामा हुनुहुन्छ भने ससुरा पनि सरकारी सेवाबाट अवकाश प्राप्त पूर्वकर्मचारी हुनुहुन्छ। खनालको परिवारले सागसब्जी खेतीसँगै करिब ८० रोपनी क्षेत्रफलमा धान खेती पनि गर्दै आएको छ। धानखेतीको जिम्मेवारी ससुराले सम्हाल्दै आउनुभएको छ भने तुलसाले मुख्य रुपमा सागसब्जी खेतीको व्यवस्थापन गर्नुहुन्छ। श्रीमान् सरकारी सेवामा रहे पनि बिहान-बेलुका सागसब्जी खेतीमा सहयोग गर्नुहुन्छ।

सागसब्जी खेतीका लागि दुई जना गाउँकै महिलालाई स्थायी कामदारका रुपमा जिम्मेवारी दिइएको छ। उहाँहरुलाई मासिक रु १८ हजार पारिश्रमिक दिने गरिएको छ। कामको चापअनुसार थप श्रमिक पनि बोलाउने गरिएको छ।

त्यस्तै, बोलाइएका श्रमिकलाई कामको प्रकृतिअनुसार दैनिक रु ५०० देखि रु एक हजार ५०० सम्म दिने गरिएको तुलसा बताउनुहुन्छ। बुढाथोकी परिवारले करिब १६ वर्षअघि १२-१५ वटा टनेलबाट व्यावसायिक सागसब्जी खेती सुरु गर्नुभएको थियो। सृजनशील कृषि फर्म दर्ता गरी सञ्चालन गर्दै आउनुभएको उहाँले विसं २०७६ मा प्रदेश सरकारबाट रु पाँच लाख अनुदान प्राप्त गर्नुभयो। त्यसपछि थप टनेल विस्तार गरी ५० वटा पुर्‍याएको उहाँले बताउनुभयो।

"सुरुमा डेढ-दुई लाख रुपैयाँबाट खेती थालेका थियौँ", उहाँले भन्नुभयो, "यहाँबाट भएको कमाईलाई फेरि यही व्यवसायमा थप्दै र लगानी गर्दै जाँदा अहिले करिब रु ८० लाख पुगेको छ।" हटियामा एक पटकमा रु १० हजारदेखि रु ४० हजारसम्मको सागसब्जी बिक्री हुने गरेको तुलसा बताउनुहुन्छ। उहाँले हप्तामा दुई पटक सागसब्जी बजारमा बिक्रीका लागि लैजाने गर्नुहुन्छ।

विशेषगरी बेमौसमी सागसब्जीको बजार राम्रो रहेको उहाँको अनुभव छ। कामदारको पारिश्रमिक, मल, बीउलगायतका खर्च कटाएर वार्षिक करिब रु १५ लाख खुद नाफा हुने गरेको उहाँ बताउनुहुन्छ। तुलसाका श्रीमान् यसअघि म्याङलुङ बजारमा साइबर सञ्चालन गर्नुहुन्थ्यो। विसं २०६० तिर वैदेशिक रोजगारीका लागि दुबई पुग्नुभएका उहाँ विदेशको दुःख र सङ्घर्ष देखेपछि स्वदेशमै केही गर्ने सोच बनाएर फर्किनुभएको थियो। त्यसपछि श्रीमान्-श्रीमती मिलेर १०-१२ वटा टनेलमा सागसब्जी खेती सुरु गरेका थिए। विसं २०७० सालयता उहाँका श्रीमान्ले जिल्ला अस्पताल तेह्रथुममा करार सेवामा काम गर्न थाल्नुभयो भने तुलसाले सागसब्जी खेतीलाई थप विस्तार गर्दै व्यावसायिक रूपमा सञ्चालन गर्न थाल्नुभयो।



सागसब्जी खेतीबाट भएको आम्दानीले परिवारको आर्थिक अवस्था सुधारिनाका साथै छोराछोरीको शिक्षामा पनि सहयोग पुगेको छ। म्याङलुङ बजार र इटहरीमा घर निर्माण गरिएको छ। छोरी स्नातक तह तेस्रो वर्षमा आइटी इन्जिनियरिङ अध्ययनरत हुनुहुन्छ भने छोरा कक्षा १२ मा अध्ययनरत हुनुहुन्छ। छोराछोरीको शैक्षिक खर्चमा मासिक रु ६०-७० हजारसम्म खर्च हुने तुलसा बताउनुहुन्छ। "सागसब्जी खेतीबाट भएको आम्दानीले छोराछोरीको पढाइदेखि घरायसी खर्चसम्म धान्न सहयोग पुगेको छ", उहाँ भन्नुहुन्छ।

म्याङलुङ बजारको टुँडिखेलमा लाग्ने मङ्गलबार र शुक्रबारको हटियाका लागि उहाँको टोलबाट मात्रै दुई वटा ट्याक्टरमा सागसब्जी जाने गरेको छ। विगतमा डोकोमा बोकेर बजार पुर्‍याउनुपर्ने भए पनि पछिल्ला पाँच-सात वर्षयता सडक विस्तार भएपछि सागसब्जी बजारसम्म पुर्‍याउन सहज भएको उहाँ बताउनुहुन्छ।

बिहान ४:०० बजे नै खेतमा पुगेर बोटबिरुवाको अवस्था हेर्ने, रोग-किरा हटाउने, उत्पादन टिप्ने र बजार व्यवस्थापन गर्ने तुलसाका लागि कृषि व्यवसाय अहिले आम्दानीको माध्यम मात्र नभएर परिवारको भविष्य निर्माण गर्ने आधार पनि बनेको छ। रासस

# आन्तरिक पर्यटन प्रवर्द्धन गर्दै हेटौँडाका साइकल यात्री लमजुङमा

बागमती । साइक्लिङका माध्यमबाट स्वास्थ्य, पर्यटन र पर्यावरणमा जोड दिँदै आइरहेको हिमालय राइडर्स सोसाइटी, हेटौँडाको टोलीले आन्तरिक पर्यटन प्रवर्द्धनको उद्देश्यका साथ लमजुङको घलेगाउँसम्मको प्रवर्द्धनात्मक यात्रा गरेको छ।

लमजुङ साइक्लिङ सङ्घद्वारा आयोजित प्रथम टुर दी लमजुङ कार्यक्रममा हिमालयन राइडर्स सोसाइटीका तर्फबाट ५० जना साइकल यात्री सहभागी रहेको सोसाइटीका अध्यक्ष राजु थापा मगरले जानकारी दिनुभयो।

उक्त कार्यक्रममा विभिन्न जिल्लाबाट कुल ४७५ साइकल यात्री सहभागी भएको जानकारी दिँदै उहाँले देशभरका साइकलयात्रीलाई हेटौँडा र वरपरका पर्यटकीय गन्तव्यबारे जानकारी गराउँदै घुम्न आउन आग्रह गरिएको बताउनुभयो।



प्रवर्द्धनात्मक भ्रमणका क्रममा लमजुङको सदरमुकाम बेँसीसहरसहित त्यस क्षेत्रका घलेगाउँ, हामखोल झरनालगायत पर्यटकीय गन्तव्यको स्थलगत अवलोकन भ्रमण गरिएको उहाँले बताउनुभयो।

विसं २०७८ देखि संस्थागत रुपमा काम गरिरहेको सोसाइटीले यसअघि रसुवागढीदेखि ठोरीसम्म ४०० किलोमिटरको साइकल यात्रा गरेको थियो। त्यस्तै, संस्थाका तर्फबाट मेची-महाकाली साइकल यात्रासँगै एसियाकै सबैभन्दा बढी बलि चढाइने गढीमाई मन्दिर, धरानको चतराधाम, चितवनको सोमेश्वरगढीलगायत धार्मिक पर्यटन गन्तव्यको प्रवर्द्धन गरिसकिएको छ। सोसाइटीका तर्फबाट अघिल्लो वर्ष ४६ जनाको टोलीले टुर दी पोखरा कार्यक्रममा सहभागिता जनाएको थियो।

उक्त संस्थाले हेटौँडा र आसपासका हटिया जुरेथुमस्थित एसियाकै अग्लो मानिने ४२ फिट अग्लो कृष्णमूर्ति, हर्नामाडीको खुल्ला मूर्ति सङ्ग्रहालय, चुरिया माई, मनकामना डाँडा, सुकौलीलगायत विभिन्न प्राकृतिक, धार्मिक एवम् ऐतिहासिकस्थलहरूको निरन्तर पर्यटन प्रवर्द्धन गरिरहेको उहाँले जानकारी दिनुभयो। रासस


## मिथिला बिहारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**तारापट्टी, धनुषा**
**मधेश प्रदेश, नेपाल**

## लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः२०८३।०६।०६**

प्रस्तुत विषयमा, यस मिथिला बिहारी नगरपालिकाको वडा नं. १ मा अवस्थित जीर्ण तथा पुरानो वडा कार्यालय भवन हटाई नयाँ वडा कार्यालय भवन निर्माण गर्नुपर्ने भएको हुँदा उक्त स्थानमा रहेको पुरानो वडा कार्यालय भवनको संरचना लिलाम बिक्री गर्नुपर्ने भएको छ। अतः उक्त पुरानो वडा कार्यालय भवनको संरचना जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा लिलाम बिक्री गर्न देहायका शर्तहरूको अधीनमा रही इच्छुक फर्म, संस्था वा व्यक्तिहरूबाट सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र शिलबन्दी बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरूः**

१. भवनमा रहेका इँटा, काठ, फलाम लगायतका सम्पूर्ण सामग्री तथा भवन भत्काई सामग्री उठाउने सम्पूर्ण खर्च लिलाम सकार गर्ने पक्षले व्यहोर्नुपर्नेछ।

२. लिलामको न्यूनतम मूल्य भ्याटसहित रु. २,८२,५८०।३३ (अक्षरेपी दुई लाख बयासी हजार पाँच सय असी रुपैयाँ तेत्तीस पैसा मात्र) कायम गरिएको छ।

३. बोलपत्र फाराम सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र (२०८३/०६/१२ गतेसम्म) रु. १,०००।- दस्तुर तिरी आन्तरिक राजस्व खाता नं. ग-१-१-२९४०१४००००००८६ मा जम्मा गरेको भौचर पेश गरी खरिद गर्न सकिनेछ।

४. खरिद गरिएको बोलपत्र २०८३/०६/१३ गते दिनको १२:०० बजेसम्म शिलबन्दी गरी दाखिला गर्नुपर्नेछ र सोही दिन २:०० बजे उपस्थित बोलपत्रदाता/प्रतिनिधिको रोहवरमा खोलिनेछ। न्यूनतम मूल्यभन्दा कम नहुने गरी सबैभन्दा बढी कबोल रकम पेश गर्ने बोलपत्रदाता छनोट गरिनेछ।

५. कबोल रकमको १० प्रतिशत धरौटी नगरपालिकाको नेपाल इन्भेष्टमेन्ट मेगा बैंकस्थित धरौटी खाता नं. ग-३-२९४०१४००००००४८ मा जम्मा गरेको भौचर वा सो बराबरको बैंक जमानत बोलपत्रसाथ पेश गर्नुपर्नेछ।

६. फर्म/संस्थाले दर्ता तथा इजाजतपत्र र व्यक्तिले नागरिकताको प्रमाणपत्रको प्रतिलिपि बोलपत्रसाथ पेश गर्नुपर्नेछ।

७. बोलपत्र स्वीकृत भएको मितिले ७ दिनभित्र सम्पूर्ण कबोल रकम दाखिला गरी १५ दिनभित्र भवन भत्काई सम्पूर्ण सामग्री उठाई लैजानुपर्नेछ। तोकिएको समयभित्र रकम दाखिला वा सामग्री नउठाएमा प्रचलित कानूनबमोजिम कारबाही तथा धरौटी जफत हुन सक्नेछ।

८. भवन भत्काउँदा सार्वजनिक तथा अन्य संरचनामा क्षति नपुग्ने गरी सुरक्षित रूपमा कार्य गर्नुपर्नेछ। बोलपत्र स्वीकृत/अस्वीकृत गर्ने वा लिलाम प्रक्रिया रद्द गर्ने अन्तिम अधिकार यस कार्यालयमा रहनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**



## कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

**सूचना प्रकाशित मितिः २०८३/०६/०६ गते**

यस बैंकको तपसिलको ऋणी संस्थाले **जनकपुर** शाखाबाट उपभोग गरेको कर्जाको साँवा, ब्याज र हर्जना रकम तिर्न बुझाउनु पर्नेमा हालसम्म नतिरी नबुझाई कर्जा सम्बन्धि शर्त तथा बन्देजहरु उल्लंघन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित रुपमा कर्जा तिर्न बुझाउन बारम्बार तरताकेता गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, हर्जना तथा दैदस्तुर रकम समेत चुक्ता भुक्तानी नगरी आलटाल गरी बाँकी राखी कर्जा चुक्ता गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले कर्जा चुक्ता गर्न आउने बारे यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, तथा हर्जना समेत बुझाउनुहुन सम्बन्धीत ऋणी संस्था, धितो जमानतकर्ता र जमानीकर्ताहरुलाई समेत सूचित गरिन्छ। सो म्याद भित्र बक्यौता भएको सम्पूर्ण कर्जा रकम चुक्ता, भुक्तान नगरेमा ऋण लिंदा यस बैंकलाई लेखाई दिएको धितो लिलाम विक्रि गरी यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा वा कथम कथाचित धितोवाट असुल उपर हुन नसके वा असुल उपर नभएमा ऋणी संस्थाको पदाधिकारीको वा निजहरुको एकाघर संगोल परिवारको नाममा रहेको चलअचल सम्पत्ती तथा अन्य जायजेथा सम्पत्तीबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा यस बैंकको कर्जा असुली कार्यविधि एवं प्रचलित कानून बमोजिम असुल उपर गरी लिने तथा ऋणी संस्थाका पदाधिकारीहरु तथा जमानीकर्ताहरुलाई कालो सूचिमा समेत समावेश गरिने व्यहोरा सम्बन्धित सबैलाई सुचित गराईन्छ।

| | |
|---|---|
| **ऋणी संस्थाको नाम : शुनवर्षि कृषि सहकारी संस्था लि.**<br>**रजिष्टर्ड ठेगाना : यदुकोहा-०६ धनुषा ।** | **दर्ता नं:- २८६/२०६६/०६७**<br>**हालको ठेगाना :- शहिदनगर नगरपालिका - ०३ धनुषा ।** |
| **संचालक तथा जमानीकर्ताको विवरण** | |
| **१) नाम : युगेश्वर यादव (संचालक र जमानीकर्ता)**<br>बाजे : आनन्द गोइत यादव<br>बुवा : राम प्रसाद गोइत यादव<br>ना प्र नं. : १७१६२४४३९९<br>ठेगाना : बिसरभोरा-८, धनुषा | **२) नाम : राम चन्द्र यादव (संचालक र जमानीकर्ता)**<br>बाजे : हिताई भिनवार<br>बुवा : राम लखन भिनवार<br>ना प्र नं. : ३५००१९०२<br>ठेगाना : हट्टीपुर हरवाडा-९, धनुषा |
| **३) नाम : अशेश्वर यादव (संचालक र जमानीकर्ता)**<br>बाजे : मौहने यादव<br>बुवा : विल्टु यादव<br>ना प्र नं. : ९९४०२६७१<br>ठेगाना : यदुकोहा-९, धनुषा | |

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :**

१. श्री **बलदेव यादव** को बुहारी श्री **दशैया यादव** को पत्नी धनुषा जिल्ला हट्टीपुर हडवाडा गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भएको **असलानी देवी**को नाममा भूमि प्रशासन कार्यालय, धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला हडवाडा गा.वि.स वडा नं. २ को कित्ता नं ४२१ को क्षेत्रफल ०-१-१६, वडा नं. ८ को कित्ता नं ७०० को क्षेत्रफल ०-४-० र कित्ता नं ७०४ को क्षेत्रफल ०-४-०, वडा नं. ७ को कित्ता नं ५५७ को क्षेत्रफल ०-१-७१/२ जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत।

**National राष्ट्रिय सहकारी बैंक लिमिटेड Co-operative Bank Limited (NCBL)**

केन्द्रीय कार्यालय पुल्चोक, ललितपुर, फोनः ०१-५१८०१८२, Web : www.ncbl.coop

# निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको काम पीपीपी मोडलमा गर्न माग

**टुडे समाचारदाता**

बारा । लामो समयदेखि अलपत्र रहेको निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको काम सार्वजनिक-निजी साझेदारी (पीपीपी) मोडेलमार्फत तत्काल अघि बढाउन सत्तारुढ रास्वपाबाट बारा ३ का सांसद अरविन्द साहले सरकारसँग माग गरेका छन् ।

सोमबार प्रतिनिधिसभाको बैठकमा बोल्दै सांसद साहले विमानस्थल निर्माणका नाममा राज्यले विगत दुई दशकदेखि अध्ययन, जग्गा मुआब्जा, तारबार, नदी नियन्त्रण, वातावरणीय प्रभाव मूल्यांकन (ईआईए), मास्टर प्लान तथा विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) लगायतका काममा अर्बौं रुपैयाँ खर्च गरिसकेपनि कामले तिव्रता नलिएको आरोप लगाए ।



निर्माणमा भइरहेको ढिलाइका कारण राज्यको लगानी निष्क्रिय हुनुका साथै परियोजनाको लागतसमेत बढ्दै गएको उनको भनाइ थियो । विमानस्थल निर्माणमा भएको ढिलाइले मुलुकले प्राप्त गर्न सक्ने राजस्व, रोजगारी तथा आर्थिक गतिविधिका अवसरसमेत गुमाइरहेको उनले बताए ।

प्रधानमन्त्री वालेन्द्र साहले निजी क्षेत्रलाई विमानस्थल निर्माणमा नेतृत्व लिन गरेको आह्वानको स्वागत गर्दै सांसद साहले सार्वजनिक-निजी साझेदारीमार्फत परियोजना अघि बढाउनुपर्ने धारणा राखे । उनले विमानस्थल निर्माणका लागि सुरुवाती चरणमा करिब ३ हजार हेक्टर क्षेत्रफलमा काम सुरु गरी आवश्यकताअनुसार क्रमशः विस्तार गर्न सरकारलाई सुझाव दिए ।

सांसद साहले विमानस्थल निर्माण क्षेत्रभित्र रहेका बस्तीका नागरिकको तथ्यांक व्यवस्थित रूपमा संकलन गर्नुपर्नेमा समेत जोड दिए । प्रभावित नागरिकलाई वैकल्पिक जग्गा र उचित क्षतिपूर्तिसहित सम्मानजनक पुनर्स्थापना गर्नुपर्ने उनको भनाइ थियो ।

विमानस्थल निर्माण अघि बढाउँदा स्थानीय बासिन्दाको अधिकार र पुनर्स्थापनाको विषयलाई प्राथमिकतामा राखेर राज्यले स्पष्ट योजना बनाउनुपर्ने बताउँदै उनले विकास परियोजनाका नाममा प्रभावित नागरिकलाई अन्याय हुने अवस्था सिर्जना गर्न नहुने धारणा राखे ।

साहले निजगढ विमानस्थललाई लामो समयसम्म अध्ययन र बहसमा सीमित नराखी उपलब्ध पूर्वाधार तथा अहिलेसम्म भएको लगानीलाई उपयोग गर्दै निर्माणको ठोस प्रक्रिया तत्काल अघि बढाउन सरकारको ध्यानाकर्षण गराए ।

# नबिल बैंकको खाताबाट ह्याकरले गरे रकम ट्रान्सफर

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाममा बैंक खातासमेत असुरक्षित बन्दै गएको घटना सार्वजनिक भएको छ । जनकपुरधाम उपमहानगरपालिका-८ निवासी रतिश कर्णकी श्रीमती रजनी कर्णको नबिल बैंकमा रहेको खाताबाट उनको जानकारी र स्वीकृतिबिनै ७० हजार १० रुपैयाँ अन्य खातामा ट्रान्सफर भएको पाइएको हो ।

पिडारी चोकस्थित नबिल बैंक शाखामा रहेको कर्णको खाताबाट मोबाइल बैंकिङमार्फत प्राइम कमर्सियल बैंकमा रहेको मो. शेख फैजल जमालको खातामा रकम ट्रान्सफर भएको बैंकको स्टेटमेन्टमा देखिएको छ ।

बैंक स्टेटमेन्टअनुसार रजनी कर्णको नबिल बैंक खाता नम्बर ०५२१००१७५०९०७४ बाट प्राइम कमर्सियल बैंकमा रहेको मो. शेख फैजल जमालको खाता नम्बर ०१९०१०००००००१७३२४६८० मा सेप्टेम्बर २० मा ७० हजार १० रुपैयाँ ट्रान्सफर भएको हो ।

आफूले कुनै कारोबार नगरेको अवस्थामा खातामा रहेको रकम घटेको देखेपछि कारोबार विवरण हेर्दा अनधिकृत रूपमा रकम निकासा भएको थाहा पाएको रजनीले बताएकी छन् । त्यसपछि बैंकमा पुग्दा आफ्नो खाताबाट ह्याकरले रकम निकासा गरेको जानकारी पाएपछि प्रहरीमा उजुरी दिएको उनको भनाइ छ ।

रजनीले सोमबार जिल्ला प्रहरी कार्यालय धनुषामा निवेदन दिँदै घटनाको निष्पक्ष अनुसन्धान गरी आफ्नो खाताबाट कुन माध्यम, कहिले र कसरी रकम निकासा भएको हो भन्ने यकिन गर्न तथा संलग्न व्यक्तिको पहिचान गरी आवश्यक कानुनी कारबाही गर्न माग गरेकी छन् । उनले आफूबाट अनधिकृत रूपमा निकालिएको रकमसमेत फिर्ता गराइदिन सम्बन्धित निकायसँग आग्रह गरेकी छन् ।

निवेदनमा नबिल बैंकको पिडारी चोक शाखाबाट खाता 'हाइजेक' गरी प्राइम कमर्सियल बैंकमार्फत रकम निकासा गरिएको उल्लेख गरिएको छ । यद्यपि रकम कसरी र कुन प्रविधि प्रयोग गरेर ट्रान्सफर भयो भन्ने विषयमा अनुसन्धानबाट थप तथ्य खुल्ने प्रहरीले जनाएको छ ।

घटनाबारे जिल्ला प्रहरी कार्यालय धनुषाले अनुसन्धान अघि बढाएको छ । प्राप्त जानकारीअनुसार प्रहरीले सोमबार नै नेपाल राष्ट्र बैंक तथा सम्बन्धित बैंकहरूलाई घटनासम्बन्धी विवरण पठाउँदै अनुसन्धानका लागि आवश्यक सूचना उपलब्ध गराउन माग गरेको छ ।

यसैबीच, धनुषामा बैंकिङ कसूर तथा ठगीसम्बन्धी घटनाहरू बढ्दै गएको प्रहरीको तथ्यांकले देखाएको छ । धनुषामा बैंकिङ्ग अपराधको मुद्दामा बढदै गएको छ । गत भदौ महिनामा बैंकिग कसूरको ४ र ठगीको १३ तथा साउन महिनामा बैंकिङ्ग कसूरको ११ र ठगीको १४ वटा मुद्दा दर्ता रहेको जिल्ला प्रहरी कार्यलय धनुषाका प्रवक्ता डिएसपी ओमप्रकाश खनालले जानकारी दिएका छन् ।

उनले भने यी घटना बैंकिग ठगीसँग सम्बन्धित छ । मोबाइल बैंकिँग मार्फत रकम ट्रान्सफर भएको प्रत्येक महिना एक दर्जनभन्दा बढी घटना दर्ता भइरहेको छ । यस्ता धेरै घटनाको समाधान पनि भएको छ र केही अनुसन्धानमा रहेको छ ।

बैंक खाताबाट अनधिकृत रूपमा रकम ट्रान्सफर भएको पछिल्लो घटनाले डिजिटल बैंकिङको सुरक्षामाथि समेत प्रश्न उठाएको छ । घटनाको वास्तविकता, रकम ट्रान्सफरमा प्रयोग भएको माध्यम र संलग्न व्यक्तिको पहिचान भने प्रहरी अनुसन्धानपछि स्पष्ट हुने देखिएको छ ।

## फरार ८ प्रतिवादी पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । अदालतबाट विभिन्न मुद्दामा कैद तथा जरिवाना सजाय तोकिएपछि फरार रहेका ८ जना प्रतिवादीलाई धनुषा प्रहरीले पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता डिएसपी ओमप्रकाश खनालका अनुसार सोमबार विभिन्न स्थानबाट खोजतलास गरी उनीहरूलाई पक्राउ गरिएको हो ।

पक्राउ परेकाहरूलाई फैसला कार्यान्वयनका लागि धनुषा जिल्ला अदालतमा उपस्थित गराइएको उनले जनाएको छ । पक्राउ पर्नेहरूमा सवारी अंगभंग मुद्दाका एक जना छन् । उनलाई अदालतले ३ वर्ष कैद र ३५ हजार रुपैयाँ जरिवाना तोकेको थियो । सोही मुद्दाका अर्का एक प्रतिवादीलाई १८ दिन कैद र ३ हजार रुपैयाँ जरिवाना सजाय तोकिएको थियो ।

त्यस्तै, वन पैदावार चोरी मुद्दामा एक जनालाई १५ दिन कैद र ९४ हजार १३६ रुपैयाँ जरिवाना तोकिएको थियो । लागुऔषध मुद्दाका दुई जना क्रमशः १५ दिन र २० दिन कैद सजाय तोकिएपछि फरार रहेका थिए ।

यसैगरी सार्वजनिक अपराध मुद्दामा एक जनालाई १० हजार रुपैयाँ जरिवाना तथा सवारी ज्यान मुद्दामा दुई जनालाई क्रमशः २४ दिन कैद र २ हजार रुपैयाँ तथा २० दिन कैद र २ हजार रुपैयाँ जरिवाना सजाय तोकिएको प्रहरीले जनाएको छ ।

प्रहरीले अदालतको फैसला कार्यान्वयन गर्ने क्रममा फरार प्रतिवादीहरूको खोजी तथा पक्राउ अभियानलाई निरन्तरता दिइरहेको जनाएको छ ।

# चिकित्सकमाथि हातपात गर्ने दुईजना पक्राउ




**टुडे समाचारदाता**

जनकपुरधाम । प्रादेशिक अस्पताल जनकपुरको बर्थिङ सेन्टरमा चिकित्सकमाथि हातपात गरेको आरोपमा प्रहरीले दुईजनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा धनुषाको औरही गाउँपालिका-२ का २० वर्षीय विजय मुखिया र जनकपुरधाम उपमहानगरपालिका-८ की २६ वर्षीया सुधिरा मुखिया बिन रहेको प्रहरीले जनाएको छ ।

प्रहरीले दिएको जानकारी अनुसार बर्थिङका लागि अस्पताल आएकी महिलाका आफन्तहरूले अस्पतालमा कार्यरत चिकित्सक डा. सरोज साहमाथि हातपात गरेका थिए ।

घटनाको सूचना पाएलगत्तै खटिएको प्रहरी टोलीले घटनामा संलग्न उनीहरूलाई नियन्त्रणमा लिएको धनुषा प्रहरीले जनाएको छ ।पक्राउ परेका दुवै जनालाई धनुषा जिल्ला अदालतबाट तीन दिनको म्याद थप गरी अनुसन्धान अघि बढाइएको छ ।

घटनामा संलग्न अन्य व्यक्तिहरूको समेत पहिचान तथा खोजतलास भइरहेको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता एवं सूचना अधिकारी प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले जानकारी दिए ।


## शान्तिपूर्ण समाज निर्माण गरौं

- शान्ति, सहिष्णुता र भाइचाराको भावना विकास गरौं,
- मतभेदलाई संवाद, सहकार्य र समझदारीबाट समाधान गरौं,
- जाति, धर्म, भाषा, संस्कृति तथा विचारका आधारमा हुने विभेद अन्त्य गरौं,
- बालबालिका, महिला तथा कमजोर वर्गको अधिकार र सुरक्षाको सम्मान गरौं,
- हिंसा, द्वन्द, घृणा र वैमनस्यको अत्यका लागि योगदान दिऔं,
- सामाजिक तथा साँस्कृतिक विविधताको सम्मान गर्दै सद्भाव कायम राखौं,
- परिवार, विद्यालय र समयदुायमा शान्ति र अहिंसाको संस्कार विकास गरौं ।

विश्व शान्ति र मानवताको संरक्षणमा आफ्नो भूमिका निर्वाह गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड







जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८